मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक १३४ ● २०८२ साल चैत्र १९ गते बिहीबार ● Thursday 02, April 2026 ● सूर्योदय: बिहान ०५:५५ बजे ● सूर्यास्त: साँझ ०६:२२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## तारिख बुझेर फर्किए लामिछाने

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने बुधबार पर्सा जिल्ला अदालतमा हाजिर भइ तारिख बुझेर काठमाडौँ फर्किएका छन्। सिमरा हुँदै वीरगंज आएका लामिछानेले पर्सा जिल्ला अदालतमा उपस्थित भई म्याद बुझ्ने कार्य गरेका हुन्। अदालतमा आवश्यक प्रक्रिया पूरा गरेपछि उनी आज अपराह्न सुरक्षा व्यवस्थाका बीच काठमाडौँ फर्किएका छन्।
वीरगंजको सानोपाइला सहकारी ठगी प्रकरणमा लामिछानेको मुद्दा पर्सा जिल्ला अदालतमा चलिरहेको छ। यसअघि उनी एक करोड रुपैयाँ धरौटी बुझाएर तारिखमा छुटेका हुन। अदालत परिसरमा उनको उपस्थितिलाई मध्यनजर गर्दै बिहानदेखि नै कडा सुरक्षा व्यवस्था मिलाइएको थियो।
लामिछाने अदालत पुग्दा उनका समर्थकहरू पनि आसपास क्षेत्रमा भेला भएका थिए।

## मधेशका सांसदहरुसँग प्रधानमन्त्री:
# भ्रष्टाचार अन्त्यमा एकमत

*मधेश प्रदेशमा सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण, सडक तथा पुल निर्माण, चुरे संरक्षण, मिटरब्याज समस्या समाधान, साना भन्सार (छोटी भन्सार) पुन: सञ्चालन र सीमा व्यवस्थापनका विषयमा सांसदहरुले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रधानमन्त्री बालेन्द्र शाहले मधेश प्रदेशबाट प्रत्यक्ष निर्वाचित सांसदहरूसँग भेटघाट तथा छलफल गरेका छन्। प्रदेशअनुसार प्रत्यक्ष निर्वाचित सांसदहरूसँग छलफल गर्दै आएका प्रधानमन्त्री शाहले बुधबार मधेश प्रदेशबाट निर्वाचित सांसदहरूसँग छलफल गरेका हुन्। छलफलमा मातृका यादव बाहेक मधेशका सबै सांसद उपस्थित थिए। छलफलमा ३० सांसद सहभागी थिए। जसमध्ये एक जना नेपाली कांग्रेसबाट र अन्य अधिकांश राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट निर्वाचित थिए।
प्रधानमन्त्री कार्यालयमा बुधबार दिउँसो १२ बजे बोलाइएको बैठक निर्धारित समयभन्दा केही अगाडि नै सुरु भएको थियो र करिब तीन घण्टा (१२ देखि ३ बजेसम्म) चलेको थियो।
बैठकको प्रारम्भमा प्रधानमन्त्री कार्यालयका असिम शाहले छलफलको उद्देश्यबारे संक्षिप्त जानकारी गराएका थिए। त्यसपछि प्रधानमन्त्री शाह बैठकमा प्रवेश गर्दै सांसदहरूलाई बजेटअघि छोटो अवधिमा गर्न सकिने आवश्यक तथा प्राथमिकताका कामहरूबारे सुझाव दिन आग्रह गरे।
छलफलमा सहभागी सांसदहरूका अनुसार प्रधानमन्त्री शाहले छोटो मन्तव्य दिएपछि सांसदहरूले पालैपालो आफ्नो धारणा राखेका थिए।
सांसदहरूले आफ्नो निर्वाचन क्षेत्र तथा समग्र मधेश प्रदेशका विभिन्न समस्या उठाएका थिए। प्रमुख रूपमा उठेका मुद्दाहरूमा सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण, सडक तथा पुल निर्माण, चुरे संरक्षण, मिटरब्याज समस्या समाधान, साना भन्सार (छोटी भन्सार) पुनः सञ्चालन र सीमा व्यवस्थापन रहेका थिए।
त्यस्तै, ऐलानी जग्गा तथा मन्दिर–पर्ति जग्गासम्बन्धी समस्या, हुलाकी राजमार्ग निर्माण, जिल्ला प्रशासन कार्यालय (सीडीओ) तथा मालपोत कार्यालयमा नागरिकले भोग्नुपरेका समस्या, तथा प्रदेशस्तरका भ्रष्टाचारका फाइलहरूको छानबिनको माग पनि सांसदहरूले उठाएका थिए।
बैठकमा कुनै प्रश्नोत्तर वा प्रत्यक्ष संवाद नभई सांसदहरूले एकतर्फी रूपमा आफ्ना धारणा राखेका थिए भने प्रधानमन्त्री सचिवालयले ती सबै विषय टिपोट गरेको थियो।
सांसदहरूले दुईदेखि पाँच मिनेटसम्म आफ्नो धारणा राखेका थिए। सबैको प्रस्तुति सकिएपछि प्रधानमन्त्री शाहले पुनः छोटो प्रतिक्रिया दिँदै उठाइएका विषयहरू सम्बन्धित मन्त्रालयमार्फत समाधान गर्ने प्रतिबद्धता जनाए। 'कुन विषय कुन मन्त्रालयसँग सम्बन्धित छ, त्यसअनुसार समाधानका लागि पहल गर्छौँ। छोटो अवधिमा गर्न सकिने कामहरूलाई छिट्टै अघि बढाइनेछ,' उनले भने।
बैठकमा सहभागी एक सांसदका अनुसार प्रधानमन्त्री शाहले बैठकभरि धेरैजसो समय सुन्नमै बिताए र सुरु तथा अन्त्यमा गरी करिब पाँच मिनेट मात्र बोले।
'उनले मुख्य रूपमा सुन्नुभयो, सचिवालयले टिपोट गर्‍यो। हामीलाई उठाइएका विषयसँग सम्बन्धित आवश्यक कागजात पनि बुझाउन आग्रह गरे,' ती सांसदले भने।
यसअघि प्रधानमन्त्री शाहले कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट प्रत्यक्ष निर्वाचित सांसदहरूसँग पनि यस्तै छलफल गरिसकेका छन्।
प्रधानमन्त्रीसँग पर्साका सांसदहरूको भेट
प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) सँग बुधबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पर्सा निर्वाचन क्षेत्र नम्बर १ का सांसद हरि पन्त र क्षेत्र नम्बर २ का सांसद सुशील कुमार कानुले भेटघाट गरेका छन्।
भेटमा उनीहरुले वीरगंज र आसपासका जनजीवनसँग जोडिएका अत्यन्त महत्त्वपूर्ण तथा गम्भीर विषयहरू उठाएको बताए।
प्रधानमन्त्री शाहले मधेश प्रदेशका सांसदहरूसँग गरेको भेटघाटक्रममा पर्सा क्षेत्र नम्बर १ का सांसद पन्तले विशेष गरी सिर्सिया नदीको प्रदूषण नियन्त्रण गर्न अधिकार सम्पन्न समिति गठन गरी समय सीमा तोकेर समाधान गर्नुपर्ने माग गरे। लामो समयदेखि आश्वासन मात्र पाइरहेका वीरगंजवासीले यस पटक स्थायी समाधान खोजेको उनले बताए।
त्यस्तै पन्तले किसानहरूलाई चाहिएको समयमा पर्याप्त मात्रामा मल खाद उपलब्ध गराउन सरकारले तत्काल पहल गर्नुपर्नेमा जोड दिए।
वीरगंजका क्यासिनोहरूले नेपाली नागरिकहरूलाई अवैध रूपमा प्रवेश गराएर स्थानीय बासिन्दाको आर्थिक अवस्था बिगारिरहेको आरोप लगाउँदै स्थानीय प्रशासन र प्रहरीलाई कडा निर्देशन दिन पनि पन्तले आग्रह गरे। प्रहरी र प्रशासन मूकदर्शक बनेको भन्दै उनले यसलाई तत्काल रोक्न माग गरे।
उनले वीरगंज महानगरपालिकाले विभिन्न ठाउँमा ढाट राखेर अवैध कर असुली गरिरहेको प्रसङ्ग उजागर गर्दै प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखबिच जिम्मेवारी नलिने प्रवृत्तिप्रति पनि असन्तुष्टि व्यक्त गरेका थिए।
त्यसैगरी सांसद सुशील कुमार कानुले वीरगंजका अन्य ज्वलन्त विषयहरू प्रधानमन्त्री बालेनको ध्यानाकर्षण गराए। उनले नारायणी रङ्गशालाको पुनर्निर्माण, ठाकुरराम बहुमुखी क्याम्पसको स्तरोन्नति, हरिखेतान बहुमुखी क्याम्पसका समस्या समाधान, चिनी कारखाना सञ्चालन वा उचित व्यवस्थापन, पर्सा–बारा औद्योगिक कोरिडोरको स्थापना, वीरगंज नाकाबाट हुने अवैध कारोबार नियन्त्रण, नारायणी अस्पताललाई मेडिकल कलेजमा स्तरोन्नति गरी सेवा सुधार, जनशक्ति व्यवस्थापन र स्रोत उपलब्धता जस्ता मुद्दा उठाए। यसैगरी उनले वीरगंजको मुख्य सडक विस्तारमा छिटो निर्णय लिन, नयाँ उद्योग स्थापना गर्न, बन्द उद्योग सञ्चालन गर्न, उद्योगीहरूको आत्मबल बढाउने नीति ल्याउन र भन्सारमा इन्ट्री तथा चेकजाँचको नाममा भारतीय पर्यटकहरूलाई दिइने सास्ती रोक्नुपर्ने विषय पनि प्रधानमन्त्रीसमक्ष राखेका थिए।
सबै विषय सुनेपछि प्रधानमन्त्री बालेन्द्र शाहले तत्काल प्रहरी महानिरीक्षक र गृह सचिवलाई निर्देशन दिने बताए। उनले जनप्रतिनिधिले भनेका जायज कुरा जिल्लाका प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारीले नसुन्ने कुरै नहुने बताए। भेटघाटमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपक साह, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह र मधेश प्रदेशका अन्य सांसदहरूको उपस्थिति थियो।

## संविधान संशोधनको बहस बढ्ने भएपछि मोर्चाले बैठक बोलाउँदै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले मधेशवादी दलका नेताहरूसँग छुट्टाछुट्टै भेट गर्दै संविधान संशोधनलगायतका विषयमा छलफल गरेका छन्। रास्वपा नेतृत्वको सरकारले प्रधानमन्त्रीका सल्लाहकार असिम शाहको नेतृत्वमा संविधान संशोधन कार्यदल गठन गरेपछि लामिछानेले जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुर र आमजनता पार्टीका अध्यक्ष प्रभु साहसँग भेट गरेका हुन्।
ठाकुर र साह निकट नेताहरूका अनुसार लामिछानेले संविधान संशोधन, आर्थिक तथा सामाजिक विषयमा विशेष चासो देखाएका छन्। लामिछानेसँगको भेटपछि मधेशी मोर्चाको बैठक बस्ने तयारी भइरहेको जानकारी दिँदै नेता ठाकुरले भने, 'केही साथीहरू काठमाडौँ बाहिर हुनुहुन्छ, एक हप्तापछि मोर्चाको बैठक बस्छ।'
राष्ट्रिय सभा सदस्यसमेत रहेका ठाकुरले लामिछानेले संविधान संशोधन कार्यदल गठन भएको जानकारी गराएको बताए। सभापति लामिछानेको सचिवालयले भने समसामयिक राजनीतिक विषयमा छलफल भएको जनाएको छ।
आजपा अध्यक्ष साहले राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा छलफल भएको जानकारी दिँदै भने, 'आर्थिक र विकास निर्माणका विषयमा पनि कुराकानी भयो।'
यसबीच, लामिछानेले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई नभेटी ठाकुरसँग भेट गर्नु अर्थपूर्ण रहेको मधेशी मोर्चाका एक नेताले बताएका छन्। उनका अनुसार राष्ट्रियसभा सदस्य भएकाले पनि ठाकुरलाई प्राथमिकता दिइएको हुन सक्ने आकलन गरिएको छ।
राष्ट्रियसभामा ठाकुरसहित जसपा नेपालका तीन सांसद रहेका छन्। गत १३ पुसमा ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जसपा नेपालबीच एकता भएको थियो।

## छात्रामाथि अनैतिक कार्य गर्न दबाब दिने कर्मचारी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश विश्वविद्यालयमा कार्यरत कर्मचारी छात्रामाथि अनैतिक सम्बन्ध स्थापना गर्न दबाब दिएको आरोपमा पक्राउ परेका छन्। पक्राउ पर्नेमा विश्वविद्यालयको डिन कार्यालयमा कार्यरत छैटौँ तहका अधिकृत मोहम्मद राजु राउत गद्दी रहेका छन्।
कलेजको बिएएलएलबीको प्रथम वर्षमा अध्ययनरत छात्रालाई सुरुमा सहयोग गर्ने बहानामा नजिकिएर पछि फोन तथा सामाजिक सञ्जालमार्फत अनुपयुक्त सन्देश पठाउँदै मानसिक दबाब सिर्जना गरेका थिए। छात्राले प्रस्ताव अस्वीकार गरेमा परीक्षामा अंक घटाउने र स्वीकार गरेमा विभिन्न सुविधा दिने प्रलोभन दिएको आरोप छ।
पीडित छात्राले दिएको उजुरीका आधारमा जिल्ला प्रशासन कार्यालय पर्सामा चैत १४ गते उजुरी दर्ता भएको थियो। उजुरीपछि फरार रहेका आरोपित गद्दीलाई जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले खोजतलास गरी नियन्त्रणमा लिएको हो।
घटनाबारे पर्सा प्रहरीले केही आधिकारिक जानकारी दिएको छैन। घटनाबारे जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतसँग बुझ्दा सम्वेदनशील विषय भएकोले हालै केही बोल्न नसक्ने बताए। प्रहरीले केही आधिकारिक जानकारी नदिएपनि आरोपित गद्दीलाई बिहीबार जिल्ला अदालत पर्सामा लगिएको थियो। त्यहाँ कुन मुद्दा चलाइयो, कि चलाइएन? भन्नेबारे प्रहरीले जानकारी दिएन।
यस कार्यले पर्सा प्रहरीको कार्यशैली दोहोरो चरित्र देखिएको बताइएको छ। अन्य सर्वसाधारण व्यक्ति पक्राउ परेको भए तुरुन्तै छात्तीमा 'इस्लेट' थमाएर तस्विर खिची सार्वजनिक गर्ने पर्सा प्रहरी राजनीति दबाबको कारण गद्दीलाई सार्वजनिक गर्न नमानेको चर्चा चलेको छ। पक्राउ परेका आरोपित गद्दी मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत गद्दीको आफन्त रहेको बुझिएको छ।
यसैबीच घटनाप्रति विश्वविद्यालय प्रशासनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। उपकुलपति डा. दीपक बहादुर शाक्यद्वारा जारी विज्ञप्तिमा हालसम्म औपचारिक लिखित गुनासो प्राप्त नभए पनि सञ्चारमाध्यममा आएका समाचारप्रति गम्भीर चासो व्यक्त गरिएको उल्लेख छ।
आरोपितको कार्य कानुनविपरित र पदीय जिम्मेवारीका हिसाबले गम्भीर देखिएको भन्दै निष्पक्ष अनुसन्धानमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

## प्रधानमन्त्रीले दिएनन् मूल्य बढाउन,
# इन्धनमा राज्य दैनिक ८२ करोड घाटामा

*भारतबाट बढेर आएको मूल्यअनुसार नेपालमा मूल्यवृद्धि भए पेट्रोलको मूल्य काठमाडौँमा पुरानो मूल्य १८६ र अहिलेको घाटा ४७.१२ रुपैयाँ जोडेर प्रतिलिटर २१५.१२ रुपैयाँ कायम हुने थियो।*

**मधेशदृष्टि**
**काठमाडौँ।**
मध्यपूर्वको युद्धका कारण नेपालमा पनि इन्धनको मूल्य आकाशिएको छ। प्रतिलिटर पेट्रोलमा ४७.१२ रुपैयाँ, प्रतिलिटर डिजेलमा १३३.४५ रुपैयाँ तथा एलपी ग्यासमा प्रतिसिलिन्डर ४१६.३७ रुपैयाँ सस्तोमा राज्यले उपलब्ध गराइरहेको छ।
नेपाल आयल निगम प्रतिलिटर पेट्रोलमा ४७.१२, प्रतिलिटर डिजेलमा १३३.४५ तथा एलपी ग्यासमा प्रतिसिलिन्डर ४१६.३७ रुपैयाँ घाटामा छ। निगमको मूल्य स्थिरीकरण कोषमा भएको १९ अर्ब रुपैयाँले घाटा पूर्ति गर्ने गरी भारतबाट बढेर आएको मूल्यअनुसार नेपालमा मूल्यवृद्धि नगरिएको हो।
प्रवक्ता मनोजकुमार ठाकुरले नेपालमा दैनिक २५ लाख लिटर पेट्रोल, ५० लाख लिटर डिजेल र १ लाख सिलिन्डर बिक्री हुने गरेको बताए। उनका अनुसार पेट्रोलमा ग्राहकले प्रतिलिटर ४७.१२ रुपैयाँ, डिजेलमा १३३.४५ रुपैयाँ र ग्यास प्रतिसिलिन्डर ४१६.३७ रुपैयाँ परल मूल्यभन्दा कममा बिक्री भइरहेको छ। नेपालमा पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू छ। स्वचालित मूल्य प्रणाली भनेको भारतबाट मूल्य वृद्धि भएर आएमा नेपालमा पनि मूल्य बढ्ने र घटेर आए घट्ने व्यवस्था हो। मंगलबार मात्रै भारतबाट पेट्रोल प्रतिलिटर ४१.६० रुपैयाँ, डिजेल प्रतिलिटर ९४.९३ रुपैयाँ र ग्यास प्रतिसिलिन्डर १९०.३६ रुपैयाँ मूल्य वृद्धि भएर आएको थियो। स्वचालित मूल्य प्रणालीअनुसार बढेर आएको मूल्य स्वतः बढ्नुपर्ने थियो, तर मूल्यवृद्धि भएन।
निगमका अनुसार मार्च १५ देखि ३१ सम्ममा निगमलाई पेट्रोलियम पदार्थबाट ५ अर्ब घाटा भएको थियो। मंगलबार आएको नयाँ मूल्यसूची अनुसार अब घाटा थपिएर अप्रिल १५ सम्ममा १३ अर्ब २१ करोड घाटा हुनेछ। अर्थात् पेट्रोलियम पदार्थ उपभोग गर्दा राज्यले उपभोक्तालाई १५ दिनमा १३ अर्ब २१ करोड राहत दिएको छ।
हवाई इन्धनको पनि मूल्य वृद्धि भएर आएको थियो। निगमले हवाई इन्धनको मूल्य भने वृद्धि गरेको थियो। नयाँ प्रधानमन्त्री बालेन शाहले भारतबाट बढेर आएको मूल्य समायोजन हुन दिएनन्। अहिले उद्योग, वाणिज्य तथा

बाँकी पृष्ठ २ मा

## झण्डै ३ करोड भ्रष्टाचार प्रकरणमा ५ जनाविरुद्ध मुद्दा दायर

**मधेशदृष्टि**
**वीरगंज।**
दुई करोड ९३ लाख रुपैयाँ राजस्व हिनामिनाको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्साका पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।
आयोगले आर्थिक वर्ष २०७०–७१ मा ठूलो परिमाणमा राजस्व हिनामिना भएको पाइएको भन्दै तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्रसहित भूपबहादुर बोगटी, पदम अर्याल, सुरेन्द्र प्रसाद कुर्मी र स्वर्गीय किरण उपाध्यायका छोराहरु राजकिशोर उपाध्याय र गौतम उपाध्यायलाई विशेष अदालतमा मुद्दा दायर गरेको हो। अनुसन्धान अनुसार रजिस्ट्रेशन शाखा 'ग' मा एउटै नम्बर प्रयोग गरी दोहोरो तथा तेहरो लिखत पारित गरिएको थियो। दर्ता किताबमा कम रकम देखाइएका लिखत मात्र पेश गरिएको र बढी राजस्व लाग्ने लिखतहरू लुकाइएको खुलेको छ। केही लिखतबाट प्राप्त राजस्व बैंकमा दाखिला भए पनि वास्तविक उच्च रकम दर्ता किताबमा समावेश नभएको अनुसन्धानले देखाएको छ। यस प्रकरणमा करिब दुई करोड ९३ लाख ६८ हजार पाँच सय ६५ रुपैयाँ राजस्व हिनामिनाको ठहर गरिएको छ। आयोगले सम्बन्धित कर्मचारीहरूलाई कानूनबमोजिम कारबाही गर्न माग गर्दै मुद्दा दायर गरेको जनाइएको छ।



# नारायणी अस्पतालको विकृत्तिबारे स्वास्थ्यमन्त्रीलाई ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज।**
नारायणी अस्पतालको विकृति सुधार गर्न वीरगंजका नवयुवाहरूको टोलीले संघीय स्वास्थ्मन्त्री निषा मेहताको ध्यानाकर्षण गराएका छन्।
युवा अगुवा अर्जुन साहको अगुवाईमा काठमण्डौ गएको युवाहरूको टोलीले नारायणी अस्पतालको सेवा र सञ्चानल प्रणालीमा देखिएको विकृति ढिला सुस्ती, हेलचक्राई, जवाफदेही विहिनताको अवस्था बारे मन्त्री मेहतालाई जानकारी गराएका थिए। त्यसैगरि अस्पतालमा स्वस्थ्यकर्मी कर्मचारी अभाव, जिर्न भवन, स्वस्थ्य उपकरण अभाव लगायतका समस्या प्रति स्वस्थ्यमन्त्री मेहताको ध्यानाकर्षन गराइएको टोलीमा सहभागिहरूले बताएका छन् । सो अवसरमा नारायणी अस्पतालका सुपरडेन्डन डा. चिरन्जन साह, राजर्शी जनक विश्व विद्यालयका उपकुल पति अमर यादवलगायतको सहभागिता थियो।

# सवारी दुर्घटनामा एकको मृत्यु, दुईजना घाइते

**मधेशदृष्टि**
**हेटौंडा ।**
मकवानपुरको हेटौंडामा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । बुधबार बिहान हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोकस्थित पूर्व–पश्चिम सडकखण्डमा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो ।
दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार हेटौंडा–९ की १८ वर्षीया एकता वैद्य गम्भीर घाइते भएकी थिइन्। मोटरसाइकल ठोक्किएपछि उनी सोही दिशाबाट आउँदै गरेको सिमेन्ट बोकेको ट्रकमा ठोक्किन पुग्दा गम्भीर चोट लागेको प्रहरीले जनाएको छ ।
उपचारका क्रममा हेटौंडा अस्पतालमा उनको मृत्यु भएको हो ।
दुर्घटनामा मोटरसाइकल चालक हेटौंडा–४ का १९ वर्षीय रोनिक कार्की सामान्य घाइते भएका छन् भने अर्को मोटरसाइकल चालक चितवन इच्छाकामना गाउँपालिका–५ का २१ वर्षीय पुष्पलाल गुरुङ मध्यम घाइते भएका छन् ।
दुर्घटनामा संलग्न ट्रक चालक बाँके कोहलपुर नगरपालिका–१४ का ३३ वर्षीय बद्री गडरिया प्रहरी नियन्त्रणमा रहेका छन् । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# ओझेलमा देवीदह, संरक्षण नहुँदा चराको बासस्थान मासिँदै

**सिरहा।**
लहान नगरपालिका–१७ स्थित धार्मिक तथा पर्यटकीय क्षेत्र देवीदहमा चराहरूको बासस्थान सङ्कटमा पर्दै गएको छ । उचित संरक्षणको अभाव, मिचाहा प्रजातिका झारपात वृद्धि र चोरीसिकारका कारण यहाँका जलपन्छीको अस्तित्व जोखिममा परेको हो।
पूर्वपश्चिम राजमार्गअन्तर्गत लहान बजारबाट छ किलोमिटर उत्तर चुरेको फेदमा अवस्थित यो सिमसार क्षेत्र चराहरूको स्वर्ग मानिन्छ । पछिल्लो समय यहाँ चराको चोरीसिकार बढ्नुका साथै मिचाहा प्रजातिका झार बढ्नु, संरक्षण नहुनुलगायत कारणले बासस्थान साँघुरिँदै गएको देवीदह वन उपभोक्ता समूह तथा संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादवले बताए।
उनले भने, 'चराको सिकार र बासस्थानको विनास अहिलेको मुख्य चुनौती हो। बजेट अभावले गर्दा हामीले पोखरीको संरक्षण गर्न सकेका छैनौँ । बनेका भौतिक संरचना पनि मर्मत गर्न सकिएको छैन।' यसअघि चराविद् ल्याएर अध्ययन गराउने पहल गरिरहेको जनाउँदै उनले त्यसपश्चात् पनि उल्लेख्य प्रगति हुन नसकेको बताए।
यस तालमा साइबेरियाबाट करिब १३–१४ हजार किलोमिटरको लामो यात्रा तय गरेर आएका आगन्तुक चरा र स्थानीय सिली तथा पानीहाँस प्रजातिका जलपन्छीको चहलपहल बढेको समितिका अध्यक्ष यादवले जानकारी दिए । बासस्थानको संरक्षण गर्दै प्रचारप्रसार गर्न सके पर्यटन प्रवद्र्धन हुनुका साथै स्थानीयको आयस्तर बढ्ने उनको भनाइ छ।
चराहरूलाई निर्बाध रूपमा आउने जाने र रमाउने वातावरण मिलाउन समुदायस्तरमा सचेतना बढाउनुपर्ने स्थानीय पूर्वप्रधानाध्यापक नेपाली साहले बताए। उनले भने, 'पहिले लहानको मानिक दहसहितका विभिन्न तालतलैयामा चराको प्रभावकारी र उल्लेख्य बासस्थान थियो, तर ती क्रमशः मासिँदै गएका छन्। अहिले चराको आश्रयस्थल देवीदहमा मात्र सीमित भएको छ।'
पूर्वप्रधानाध्यापक साहले चराको संरक्षणका लागि स्थानीय तहले भ्यूटावर निर्माण गरिदिनुपर्ने सुझाव दिए। उनले भने, 'यदि मानिसले सुरक्षित रूपमा नजिकबाट चरा हेर्ने वातावरण पाए भने उनीहरूमा चराप्रतिको स्नेह र अपनत्व बढ्छ, जसले अन्ततः संरक्षण अभियानमा ठूलो मद्दत पुर्‍याउनेछ।'
धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको यस दहको संरक्षणका लागि आएका ठूला आयोजना कागजमा सीमित भएका लहान–१७ का वडाध्यक्ष प्रथमलाल चौधरीले बताए । उनका अनुसार विगतमा बजेट विनियोजन भए पनि कार्यान्वयनको अभावले देवीदह ओझेलमा परेको हो।
वडाध्यक्ष चौधरीले भने, 'नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले आफ्नो कार्यकालमा यस क्षेत्रमा भ्रमण गर्नुभएको थियो । त्यसपछि पोखरीको संरक्षणका लागि 'राष्ट्रपति चुरे विकास कार्यक्रम' अन्तर्गत रु एक करोड ५९ लाख बजेट विनियोजन गरिएको थियो। विसं २०७७ मा नेपाल पर्यटन बोर्डसँग पोखरीको संरक्षण र सौन्दर्यकरणका लागि रु पाँच करोड २२ लाखको महत्वाकाङ्क्षी योजना सम्झौता भएको थियो । तर, यी योजना कार्यान्वयन हुनसकेका छैनन् । सोही कारणले नयाँ पूर्वाधार बन्नुको साटो भएका पुराना संरचनासमेत अहिले जीर्ण र अधुरै अवस्थामा छन्।'
चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारबाट पोखरी सौन्दर्यकरणका लागि २५ लाख रुपैयाँ विनियोजन भएको वडाध्यक्ष चौधरीले जानकारी दिए । दहको धार्मिक गरिमालाई जोगाउन र प्रचारप्रसार गर्न लागिपरेको उल्लेख गर्दै उनले भने, 'देवीदहको धार्मिक महत्वलाई उजागर गर्न हामीले यही चैत १९ गतेदेखि विष्णु महायज्ञको तयारी गरेका छौँ । यसले देवीदहको प्रचारप्रसार र संरक्षणमा ठोस सहयोग पुग्ने विश्वास लिएका छौँ। रासस

# विद्युत महसुल बक्यौता असुली अभियान तीव्र

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल विद्युत् प्राधिकरण, गौर वितरण केन्द्रले विद्युत् महसुल बक्यौता असुली अभियानलाई तीव्र पारेको छ । लामो समयदेखि महसुल नतिर्ने व्यक्तिगत ग्राहक, निजी व्यावसायिक प्रतिष्ठान तथा सरकारी कार्यालयहरूलाई लक्षित गरी प्राधिकरणले कठोर कदम चालेको छ ।
गौर वितरण केन्द्रका प्रमुख धिरेन्द्र यादवका अनुसार पटक–पटकको ताकेतालाई बेवास्ता गरेपछि एकैदिन राजदेवी, ईशनाथ, गरुडा र माधवनारायण नगरपालिकाको विद्युत् लाइन काटिएको छ । लाइन काटिएपछि राजदेवी, गरुडा र ईशनाथ नगरपालिकाले आंशिक बक्यौता बुझाएका छन् । त्यसपछि मात्र पुनः विद्युत् सुचारु गरिएको छ ।
प्राधिकरणका अनुसार गौर वितरण केन्द्र मातहतका गौर, राजदेवी, दुर्गा भगवती, माधवनारायण, गढीमाई, गरुडा, परोहा, राजपुर, ईशनाथ, यमुनामाई र वृन्दावन नगरपालिका (२ वडा) भित्रका विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूले महसुल तिर्न अझै आलटाल गरिरहेका छन् ।
हाल पहिलो चरणमा सडक बत्ती बाहेकका अन्य बक्यौता उठाउने कार्य भइरहेको गौर वितरण केन्द्रका प्रमुख यादवले बताए ।

# प्रादेशिक अस्पताल जलेश्वरमा 'डायलाइसिस सेवा' सुरु

**महोत्तरी ।**
महोत्तरी सदरमुकाम जलेश्वरस्थित अवस्थित प्रादेशिक अस्पतालमा 'डायलाइसिस' सेवा सुरुआत भएको छ । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री जङ्गीलाल राय, सचिव डा प्रमोदकुमार यादव र प्रादेशिक अस्पताल जलेश्वरका निमित्त कार्यालय प्रमुख डा. रवि श्रीवास्तवले सो सेवाको आज संयुक्त रूपमा शुभारम्भ गरियो ।
मधेश प्रदेश सरकारले तीन वर्षअघि नै मिर्गौलाका बिरामीलाई थप सहज बनाउन छ थान 'डायलाइसिस मेसिन' उपलब्ध गराएको थियो । तत्कालीन समयमा दक्ष जनशक्ति नहुँदा प्रयोगमा आउन सकेको थिएन ।
अस्पताल प्रमुख डा. रवि श्रीवास्तवले अहिले छ थान 'डायलाइसिस मेसिन'मध्ये पाँच थान प्रयोगमा आएका छन् भने एक थान आकस्मिक प्रयोजनका लागि राखिएको जानकारी दिए । रासस

# प्रधानमन्त्रीले दिएनन् मूल्य...

आपूर्ति मन्त्रालय पनि प्रधानमन्त्री शाहले नै सम्हालिरहेका छन्।
नेपाल आयल निगमको अध्यक्ष उद्योग मन्त्रालयको वाणिज्य सचिव हुने व्यवस्था छ। हिजो बसेको निगम सञ्चालक समितिको बैठकले भारतबाट पेट्रोलियम पदार्थको मूल्य अत्यधिक वृद्धि भएर आए पनि नेपालमा भने मूल्य वृद्धि गरेन।
भारतबाट आएको मूल्यअनुसार नेपालमा मूल्य वृद्धि भएको भए पेट्रोलको मूल्य काठमाडौंमा पुरानो मूल्य १८६ र अहिलेको घाटा ४७.१२ रुपैयाँ जोडेर प्रतिलिटर २१५.१२ रुपैयाँ कायम हुने थियो । जनताले पेट्रोल प्रतिलिटर ४७.१२ रुपैयाँ सस्तोमा पाएका छन्। त्यस्तै, डिजेल हाल काठमाडौंमा १६४.५ रुपैयाँमा बिक्री भइरहेको छ, जसमा घाटा रहेको १३३.४५ रुपैयाँ जोड्दा नयाँ मूल्य प्रतिलिटर २९७.९५ रुपैयाँ हुने थियो। तर, सरकारले डिजेलका उपभोक्तालाई प्रतिलिटर १३३.४५ सहुलियत दिएर १६४.५ मै बिक्री गरिरहेको छ । ग्यासमा पनि प्रतिसिलिन्डर ४१६.३७ रुपैयाँ सहुलियत दिएर १९१० रुपैयाँमा बिक्री गरिरहेको छ।
नेपालमा एक दिनमा २५ लाख लिटर पेट्रोल बिक्री हुने गरेको छ । उपभोक्तालाई पेट्रोलमा दैनिक ११ करोड ७८ लाख सहुलियत दिइएको छ। डिजेल प्रतिदिन ५० लाख लिटर बिक्री हुने गरेकोमा सरकारले जनतालाई दैनिक ६६ करोड ७२ लाख ५० हजार सहुलियत दिइरहेको छ । ग्यासमा दैनिक ४ करोड १६ लाख ३७ हजार सहुलियत छ। यसरी पेट्रोल, डिजेल र ग्यास गरेर सरकारले उपभोक्तालाई दैनिक कुल ८२ करोड ६६ लाख ८७ हजार रुपैयाँ सहुलियत दिइरहेको छ।
अप्रिल ८ तारिखमा निगमले भारतलाई पैसा तिर्नुपर्ने हुन्छ। प्रत्येक महिनाको ८ र २३ तारिखमा निगमले भारतलाई पेट्रोलियम पदार्थको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। विभिन्न प्रकारका कारको कारणले पनि नेपालमा भारतको तुलनामा पेट्रोलिय पदार्थ महंगो हुने गरेको छ। राज्यले पेट्रोलियम पदार्थमा धेरै कर लगाएको कारणले पनि यति धेरै सहुलियत दिदा पनि नेपालमा नै भारतको तलुनमा महंगो रहेको छ।

# एमाले संसदीय दलको नेतामा थापा चयन



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको नेतामा रामबहादुर थापा 'बादल' चयन भएका छन् । एमालेको केन्द्रीय कार्यालय, ललितपुर च्यासलमा भएको बैठकपछि थापा निर्विरोध चयन भएको हो ।
बैठकमा दलको नेताका लागि सांसद सुहाङ नेम्वाङले चाहना राखे पनि पछि निर्विरोधरूपमा थापा चयन भएको एमालेका सांसद ऐनबहादुर महरले जानकारी दिए । उपाध्यक्ष थापालाई सो पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत पदाधिकारीले बधाई दिएका छन् । प्रतिनिधिसभामा एमालेका २५ सदस्य छन् । रासस

# अफ्टाको बोर्ड निर्देशकमा थपलिया चयन

**काठमाडौँ ।**
नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलिया विश्वभरका ट्राभल एजेन्सीहरूको छाता संस्था युनाइटेड फेडेरेसन अफ ट्राभल एजेन्ट्स एसोसिएसन (अफ्टा)को बोर्ड निर्देशकमा नियुक्त भएका छन् ।
अफ्टाका अध्यक्ष सुनिलकुमार आरका अध्यक्षतामा सम्पन्न वार्षिक साधारण सभाबाट नाट्टाका अध्यक्ष थपलिया बोर्ड निर्देशकमा नियुक्त भएका हुन् ।
विश्वका प्रतिष्ठित पर्यटन क्षेत्रका व्यक्तिको सहभागिता रहने अफ्टामा नेपालले सहभागिता जनाएको हो । अध्यक्ष थपलियासँगै उक्त बोर्डमा चेतिन गुर्चुन (टर्की), दुमिन्दा कुरुविताच्ची (श्रीलंका), योसेफ फाताएल (इजरायल) र मेरिजेल मनोटोक (फिलिपिन्स) नियुक्त भएको नाट्टाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
सन् १९६६ मा स्थापना भएको अफ्टा विश्वभरका ट्राभल एजेन्सीहरूको छाता संस्था हो । उक्त संस्थामा विश्वभरका आठ सयभन्दा बढी ट्राभल कम्पनी आबद्ध छन् । इटलीको मोनाकामा प्रधान कार्यालय



रहेको अफ्टाले विश्वभरका हवाई उड्डयनको मुद्दालाई प्रमुख एजेन्डाका रूपमा उठाउँदै आएको छ । रासस

# प्रि–मनसुनको महिना: औसतभन्दा बढी वर्षा

**काठमाडौँ ।**
प्रि–मनसुन अवधिमा हालसम्म देशभर औसतभन्दा बढी वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार यस वर्षपनि मङ्गलबारसम्मको अवधिमा हुनुपर्ने औसतभन्दा बढी वर्षा मापन भइसकेको छ ।
'हालसम्म करिब २९ दशमलव पाँच प्रतिशत वर्षा भइसकेको छ । यस अवधिमा सामान्यतया २० प्रतिशत मात्र वर्षा हुने गर्दछ', उनले भनिन्, फागुन १५ गतेदेखि जेठ १५ गतेसम्मको अवधिलाई प्रि–मनसुन मानिन्छ । यस समयमा करिब २२६ मिलीमिटर वर्षा हुनुपर्नेमा मङ्गलबारसम्म ७७ दशमलव पाँच मिलीमिटर वर्षा भइसकेको छ ।
जल तथा मौसम विज्ञान विभागका अनुसार हालको मौसम प्रणालीमा सामान्य बदली देखिएको छ । विभागले दिएको विवरणअनुसार मङ्गलबारको तुलनामा आज तापक्रममा वृद्धि भएको छ । राजधानी काठमाडौँसहित उपत्यकामा बुधबार दिउँसोको अधिकतम तापक्रम २५ डिग्रीसेल्सियस पुगेको जनाउँदै महर्जनले सोही अवधिमा मङ्गलबार २२ डिग्रीसेल्सियस तापक्रम रहेको बताइन् ।
मौसमविद् महर्जनका अनुसार बिहीबार (आज) सम्म मौसम सामान्यतया सफा रहनेछ भने शुक्रबारदेखि फेरि वर्षा हुने सम्भावना छ । यसैबिच, विभागले मौसम परिवर्तनशील रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । रासस

## जगरनाथपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर ,पर्सा
मधेश प्रदेश, नेपाल
☎९८५५०७९४००

प.सं.२०८२/२०८३ मिती:२०८२/१२/१९

बिषय : बोलपत्र स्वीकृत गर्ने आशयको सुचना ।

उपरोक्त सम्बन्धमा मिति २०८२/१०/२१ गतेमा प्रकाशित बोलपत्र मांगको सुचना अनुसार पर्न आएको बोलपत्र मध्ये सबैभन्दा न्युन्तम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| क. सं. | ठेक्का नं. | बिवरण | बोलपत्र दाताको नाम र ठेगाना | न्युन्तम कबोल अंक रकम भ्याट समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | 04/JRM/NCB/WORKS/2082-2083 | ConstructionOf Administrative Building Jagarnathpur Ga.pa.04,Parsa | Mani Construction Jagarnathpur Ga.pa. 06,Parsa | 1,28,58,761.17 | |

प्रमुख प्रशासकिय अधिकृत





**सस्तियो किसानको पसिनाः** बाराको फेटा गाउँपालिका–३ त्रिवेणीका स्थानीय महिला श्रमिकले मेसिनले खनेको आलु सङ्कलन गर्दै । महिला श्रमिकले ज्याला भने दैनिक दुई सय वा पाँच किलोग्राम आलु मात्रै प्राप्त हुने बताए । तस्बिरः हिमाल लम्साल

# सांसद शाक्यद्वारा विभिन्न सरकारी कार्यालयमा छड्के

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य टेकबहादुर शाक्यले छिपहरमाई गाउँपालिका अन्तर्गत विभिन्न सरकारी कार्यालयमा छड्के अनुगमन गरेका छन् । स्थानीय तहमा सेवा प्रवाहको अवस्थाबारे प्रत्यक्ष जानकारी लिन उनले स्वास्थ्य संस्था, प्रहरी चौकी तथा विद्यालयहरूको स्थलगत निरीक्षण गरेका हुन् ।



अनुगमनका क्रममा वडा नं. ३ जयमंगलापुरस्थित स्वास्थ्य चौकीअन्तर्गतको बर्थिङ सेन्टरमा सुत्केरी कक्षमा ढोकाको अभाव रहेको पाइएको छ । त्यस्तै, नौ जना कर्मचारी दरबन्दी रहेको सो केन्द्रमा पाँच जना मात्रै उपस्थित भेटिएका थिए भने एकजना खोप कार्यक्रममा फिल्डमा गएकी थिइन् । एक जना कर्मचारी सरुवा भइसकेको र करार कर्मचारीहरूको म्याद गत पुसदेखि थप नभएको कारण उनीहरूको हाजिरीसमेत नभएको स्वास्थ्य चौकी इन्चार्ज प्रदीप दासले जानकारी दिएका छन् ।

यसैगरी, वडा नं. २ स्थित बुढगाई प्रहरी चौकीको निर्माणाधीन भवनको समेत सांसद शाक्यले निरीक्षण गरेका थिए । करिब १७ लाख रुपैयाँ खर्च भइसकेको उक्त भवन निर्माणमा ढिलासुस्ती हुँदा सुरक्षाकर्मीहरू हाल बुढगाई विद्यालयमा बस्न बाध्य रहेको पाइएको छ । स्थानीयवासीले निर्माणमा ठेकेदारको लापरवाही भएको आरोप लगाएका छन् ।

त्यसपछि उनले वडा नं. २ कै सम्झौता स्वास्थ्य चौकी, टिहुकी विद्यालय तथा नवगावा माध्यमिक विद्यालय चेरगाहा लगायतका संस्थाको पनि अवलोकन गरेका थिए । सम्झौता स्वास्थ्य चौकीको बर्थिङ सेन्टरमा इन्चार्ज चैत ९ गतेदेखि र सहायक इन्चार्ज चैत ५ गतेदेखि अनुपस्थित रहेको भेटिएको छ । साथै, बर्थिङ सेवा सञ्चालनका क्रममा प्रयोग हुने इन्भर्टर बिग्रिएको अवस्थामा रहेको र मर्मत गरेपछि सञ्चालनयोग्य हुने स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

अनुगमनपछि सांसद शाक्यले सबै समस्याहरू टिपोट गरी सम्बन्धित जिम्मेवार व्यक्तिहरूसँग टेलिफोनमार्फत संवाद गरेका छन् । उनले देखिएका समस्या माथिल्लो निकायसम्म पुर्‍याउने प्रतिबद्धता जनाउँदै गाउँलेको गुनासोका आधारमा विशेष गरी स्वास्थ्य क्षेत्रको अनुगमन गरिएको बताए ।

सांसद शाक्यले आगामी दिनमा शिक्षा क्षेत्रका समस्या अध्ययन गर्न विद्यालयहरूको समेत अनुगमन गर्ने योजना रहेको उल्लेख गर्दै क्षेत्र नं. ४ को शिक्षा तथा स्वास्थ्य क्षेत्र सुधारमा आफू प्रतिबद्ध रहेको बताए । उनले आफ्नो जिम्मेवारीप्रति लापरवाही गर्ने कर्मचारीलाई सचेत गराउँदै पहिलो गल्ती क्षम्य भए पनि पटक–पटकको गल्ती कानुनी दायरामा ल्याइने चेतावनी दिएका छन् ।

## पर्साका ज्वलन्त मुद्दा प्रधानमन्त्रीसमक्ष

# सांसद हरि पन्तको कडा दबाब



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का सांसद हरि पन्तले सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्री बालेन्द्र शाह समक्ष पर्सासँग गाँसिएका गम्भीर र ज्वलन्त समस्याहरू जोडदार रूपमा प्रस्तुत गरेका छन् । मधेश प्रदेशका सांसदहरू र प्रधानमन्त्रीबीच भएको भेटघाटका क्रममा सांसद पन्तले विशेष गरी सिर्सिया नदीको तीव्र रूपमा बढ्दो प्रदूषणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै अधिकार सम्पन्न उच्चस्तरीय समिति गठन गरी स्पष्ट समयसीमा तोकी समाधान गर्न माग गरे ।

उनले लामो समयदेखि समस्या दोहोरिँदै आएपनि प्रभावकारी कदम नचालिएको भन्दै सरकारको ध्यानाकर्षण गराएका हुन् । त्यसैगरी उनले किसानहरू मल अभावका कारण मारमा परेको विषयलाई प्राथमिकताका साथ उठाउँदै कुनै पनि हालतमा समयमा मल आपूर्ति सुनिश्चित गर्न सरकार बाध्य हुनुपर्ने स्पष्ट पारे। कृषकलाई निरन्तर बेवास्ता गर्नु अस्वीकार्य हुने उनको चेतावनी थियो ।

सांसद पन्तले वीरगंजका क्यासिनोहरूमा भइरहेको गतिविधिप्रति पनि कडा आपत्ति जनाए । अधिकांश क्यासिनोहरूले कानुनविपरित नेपाली नागरिकलाई प्रवेश गराएर आर्थिक शोषण गरिरहेको आरोप लगाउँदै उनले यसप्रति प्रहरी प्रशासनको मौनता शंकास्पद भएको बताए ।

यस्तै, वीरगंज महानगरपालिकाले विभिन्न स्थानमा ढाट राखी अवैध रूपमा असुली गरिरहेको विषय पनि उनले उठाए । यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखबीच जिम्मेवारी पन्छाउने प्रवृत्ति देखिएको भन्दै उनले सरकारसमक्ष स्पष्ट हस्तक्षेपको माग गरे ।

सांसद पन्तका सबै गुनासा सुनेपछि प्रधानमन्त्री बालेन्द्र शाहले तत्काल प्रहरी महानिरीक्षक र गृह सचिवलाई आवश्यक निर्देशन दिने प्रतिबद्धता जनाए । साथै उनले जनप्रतिनिधिबाट उठाइएका जायज मागहरूलाई जिल्ला प्रशासन र सुरक्षा निकायले बेवास्ता गर्न नपाउने स्पष्ट चेतावनीसमेत दिए ।

उक्त भेटघाटमा श्रम मन्त्री दिपक साह, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाह लगायत मधेश प्रदेशका अन्य सांसदहरूको समेत उपस्थिति रहेको थियो ।

## नापी कार्यालयमा ‘एकद्वार प्रणाली’ लागू

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका स्थित नापी कार्यालयमा बुधवार देखि ‘एकद्वार प्रणाली’ लागू गरिएको छ ।

सेवाग्राहीलाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले यो प्रणाली लागू गरिएको नापी कार्यालय पोखरियाका निमित्त कार्यालय प्रमुख उमेश साहले बताए ।

प्रमुख साहका अनुसार अब सेवाग्राहीहरूले कामका लागि विभिन्न शाखा धाउनु पर्दैन ।

सेवाग्राहीले कार्यालयमा निवेदन दर्ता गरेपछि एकै स्थानमा बसेर सम्पूर्ण प्रक्रिया पूरा गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

एकद्वार प्रणाली लागू भएसँगै सेवाप्रवाहमा पारदर्शिता बढ्नुका साथै सेवाग्राहीको समय र खर्च बचत हुने विश्वास कार्यालयले लिएको छ भने कर्मचारीबीच समन्वय सुधार भई कामको प्रभावकारिता समेत बढ्ने अपेक्षा गरिएको छ ।

## एकीकृत दलित बस्ती निर्माण सुरु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिका –९ सोनरनियामा अर्को एकीकृत दलित बस्ती निर्माण कार्य सुरु गरिएको छ ।

नगरपालिकाका मेयर रिनाकुमारी साह, उपमेयर नागेन्द्र यादव, वडाध्यक्षसहित जनप्रतिनिधि र स्थानीयवासीको उपस्थितिमा बुधबार भूमि पूजा गरी आयोजनाको शिलान्यास गरिएको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जानकारी दिएका छन् ।

नगरपालिकाका अनुसार करिब ६ करोड ८७ लाख रुपैयाँ लागत अनुमान गरिएको उक्त आयोजनाको ठेक्का ४ करोड ३९ लाख रुपैयाँमा सम्झौता भएको छ । बस्ती निर्माणको काम करिब एक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सोनरनियामा निर्माण हुने बस्तीबाट करिब ३० देखि ४० परिवार लाभान्वित हुने अपेक्षा गरिएको छ ।

निर्माण कार्य पृसा सृष्टि श्रीराम जेभीले गरिरहेको छ । यसअघि मौलापुर नगरपालिकाले मर्यादपुर र मौलापुरमा पनि एकीकृत दलित बस्ती निर्माण गरिसकेको छ । नगरपालिकाले बस्ती कार्यक्रमअन्तर्गत कर, शिक्षा र स्वास्थ्यजस्ता सेवा निःशुल्क उपलब्ध गराउँदै आएको जनाएको छ ।

## मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु

**मधेशदृष्टि**
**निजगढ ।**
बाराको निजगढमा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । आज दिउँसो भएको दुर्घटनामा सर्लाही लालबन्दी नगरपालिका–७ का २२ वर्षीय वैभव ढुंगाना र निजगढ नगरपालिका–६ धियालटोलका २३ वर्षीय सुरेश श्रेष्ठको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश ०२–०४२ प ९८२४ नम्बरको मोटरसाइकल विपरीत दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०३–००४ प ३६६१ नम्बरको मोटरसाइकलसँग ठोक्किएको थियो । दुर्घटनामा श्रेष्ठले ३६६१ नम्बरको मोटरसाइकल र ढुंगानाले ९८२४ नम्बरको मोटरसाइकल चलाइरहेको प्रहरीले जनाएको छ ।

घाइते भएका दुवैलाई उपचारका लागि नौतनस्थित एलएस न्यूरो अस्पताल र कलैयास्थित प्रादेशिक अस्पताल लगिएको थियो । तर अस्पताल पुर्‍याएलगत्तै चिकित्सकले दुवैलाई मृत घोषणा गरेको ईलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक जीवन लामिछानेले जानकारी दिएका छन् ।

दुर्घटनामा संलग्न दुवै मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।

## अनियमितता र भ्रष्टाचारको पर्दाफास गर्ने निर्णय

**मधेशदृष्टि**
**वीरगंज ।**
जेनजी यूथ फोर्स पर्साले पर्सा जिल्लाका विभिन्न पालिका तथा वडाहरुमा भइरहेका अनियमितता र भ्रष्टचारको पर्दाफास गर्ने निर्णय गरेको छ ।

अनियमित्ता र भ्रष्टाचारमा संलग्न जनप्रतिनिधि साथै कर्मचारीलाई कानूनी कारबाहीको दायरमा ल्याउन सवैखाले तथ्य संकलन गर्ने पनि फोर्सको निर्णय छ । फोर्सको हिजो वीरगंजमा सम्पन्न जिल्ला स्तरीय बैठकले भ्रष्ट कर्मचारी वा जनप्रतिनिधी एवं बिचौलियाहरूको पर्दाफास गरी कानुनी कारबाहकिो दायरामा ल्याउन पहल थालेको जेनजी युथ फोर्स पर्साका अगुवा विशेष साहले जानकारी दिएकाछन् ।

बैठकले युथ फोर्सको संगठनलाई थप सशक्त र प्रभावकारी बनाउने, युवा नेतृत्व विकासलाई प्राथमिकता दिने र जिल्लाका सवै वडा र टोलसम्म संगठन विस्तार गर्ने निर्णय गरेको साहले बताएका छन् ।

## वीरगंज महानगरलाई नबिल बैंकको सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले भदौ २३/२४ गतेको जेनजी आन्दोलनमा भएको लुटपाट, तोडफोड र आगजनीका कारण कार्यालय सञ्चालनमा आएको समस्यालाई सहज बनाउन नबिल बैंक लिमिटेडले सहयोग गरेको छ । बैंकले महानगरपालिकालाई कम्प्युटर १ थान, तीन सिटको स्टिल सोफा, अफिस कुर्सी र टेबल उपलब्ध गराएको छ । यस सहयोगले कार्यालय सञ्चालन मात्र नभई सेवाग्राहीले निरन्तर सेवा पाउने वातावरण सुनिश्चित गर्न मद्दत गरेको जनाइएको छ । महानगरपालिका प्रमुख राजेशमान सिंहले बैंकको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि यस्ता साझेदारी निरन्तर रहोस् भन्ने आशा व्यक्त गरेका छन् ।

यस पहलले निजी क्षेत्र र स्थानीय सरकारबीचको सहकार्यको सकारात्मक उदाहरण प्रस्तुत गर्दै नागरिकलाई सहज र सुलभ सेवा प्रदान गर्ने प्रयासलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ ।

## ठाकुरराम क्याम्पस प्रमुखमा यादव नियुक्त

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखमा सहप्राध्यापक डाक्टर केशव कुमार यादव नियुक्त भएका छन् ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति तथा त्रिवि कार्यकारी परिषदका अध्यक्ष प्राध्यापक डाक्टर दपिक अर्यालले बुधबार ठाकुरराम बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखमा डा. यादवलाई नियुक्त गरेका हुन् ।

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धि नियम अनुसार डा. यादवलाई चैत १८ गते आज देखि लागू हुने गरी क्याम्पस प्रमुखमा नियुक्त गरिएको उपकुलपति प्रा.डा. अर्यालले जनाएका हुन् ।

## जसपा नेपालसँगको एकिकरण भंग

**मधेशदृष्टि**
**वीरगंज ।**
वृशेषचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले जसपा नेपालसँगको एकीकरण भंग गरेको छ ।

गत मंसिर २४ गते लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनता प्रगतिशील पार्टी नेपाल र तमलोपा बीच एकीकरण भएको थियो ।

त्यसको करिब तीन हप्तापछि लोसपा र जनता समाजवादी पार्टी (जसपा) नेपाल बीच एकता भएको थियो । तमलोपाका नेता रविशंकरकुमार कर्णले तमलोपा ब्युँतिएको बताए । जसपा नेपाल र लोसपाका नेताहरूले पार्टी एकीकरण गर्ने बेलाको वाचा पुरा नगरेपछि आफूहरूले पुरानै पार्टी ब्युँताउनु परेको तमलोपाका एक नेताले बताए ।

२०७९ को निर्वाचनमा तमलोपाले समानुपातिकमा २ हजार ५८५ मत पाएको थियो ।



## सम्पादकीय

# एमालेमा परिवर्तनको पदचाप:
# युवा विद्रोह र सुहाङ नेम्वाङको प्रयास

हालै सम्पन्न आमनिर्वाचनको नतिजाले नेकपा (एमाले) भित्र गहिरो आत्ममन्थन र नेतृत्व परिवर्तनको आवश्यकतालाई सतहमा ल्याइदिएको छ। निर्वाचनमा पार्टीका शीर्ष नेताहरूको पराजय र खुम्चिएको आकारले परम्परागत राजनीतिक शैलीप्रति जनस्तरमा रहेको चरम असन्तुष्टिलाई प्रष्ट पारेको छ।

यस्तो विषम परिस्थितिमा पार्टीभित्रैबाट उठेको युवा पुस्ताको आवाजले एमालेलाई नयाँ दिशा दिने संकेत गरेको छ। विशेषगरी संसदीय दलको नेता चयनको प्रक्रियामा देखिएको बहसले एमालेको आन्तरिक लोकतन्त्र र पुस्तान्तरणको मुद्दालाई मुख्य एजेन्डा बनाएको छ।

संसदीय दलको नेताका लागि युवा सांसद सुहाङ नेम्वाङले गरेको दाबी र प्रयासलाई केवल एक व्यक्तिको आकांक्षाका रूपमा मात्र हेरिनु हुँदैन। यो दशकौँदेखि पार्टीको सत्तामा हालीमुहाली जमाउँदै आएका रामबहादुर थापा 'बादल' जस्ता पुराना र परीक्षण भइसकेका पात्रहरू विरुद्धको एक सांकेतिक विद्रोह थियो। प्रत्यक्ष निर्वाचन जितेर आएका कान्छा सांसदले पार्टीको नीतिगत नेतृत्वमा हस्तक्षेप गर्न खोज्नुले एमालेभित्र 'बासी' नेतृत्वको विकल्प खोज्न थालिएको पुष्टि गर्दछ। सुहाङको यो साहसले पार्टीभित्र मौन रहेका अन्य युवा नेताहरूलाई पनि आफ्नो अधिकार र भूमिकाका लागि बोल्न प्रेरित गरेको छ।

सुहाङ नेम्वाङको यो कदमलाई आम नागरिक र पार्टीका इमानदार कार्यकर्ताहरूले निकै सकारात्मक रूपमा लिएका छन्। सामाजिक सञ्जालदेखि चियापसलसम्म यसको चर्चा हुनुले जनता अब पुरानै अनुहार र पुरानै कार्यशैलीबाट आजित भइसकेको सन्देश दिन्छ। यो विद्रोह केवल पदका लागि मात्र नभएर, पार्टीलाई आधुनिक, प्रविधिमैत्री र गतिशील बनाउने चाहनाको प्रतिविम्ब पनि थियो। सबैलाई मन परेको यो कदमले एमालेभित्र पनि नयाँ र ताजा विचार बोक्ने युवाहरूको खाँचो छ भन्ने कुरालाई राष्ट्रिय बहसमा ल्याउन सफल भएको छ।

यद्यपि, पार्टीको स्थापित शक्ति संरचना र वरिष्ठताको नाममा भएको घेराबन्दीका कारण सुहाङको यो प्रयासले तत्काल पूर्ण सफलता पाउन सकेन र अन्ततः बादल नै संसदीय दलको नेता चुनिए। तर, राजनीतिमा परिणामभन्दा पनि प्रक्रिया र यसले दिने सन्देश बढी महत्वपूर्ण हुन्छ। यो घटनाले एमालेको नेतृत्वलाई एउटा कडा चेतावनी दिएको छ कि अब युवाहरू केवल 'झण्डा बोक्ने र नारा लगाउने' कार्यकर्तामा मात्र सीमित रहने छैनन्। यो असफलताभित्रै एमालेमा हुने भविष्यको ठूलो परिवर्तनको बीउ रोपिएको छ, जसलाई अब कसैले नजरअन्दाज गर्न सक्ने छैन।

निष्कर्षमा, सुहाङ नेम्वाङको प्रयासले नेकपा एमालेमा एउटा नयाँ युगको सुरुवात गरेको छ। नेतृत्वमा पुस्तान्तरणको यो मुद्दा अब कुनै पनि बहानामा पन्छाउन सकिने अवस्था छैन। पार्टीलाई पुनर्जीवन दिन र जनताको विश्वास पुनः प्राप्त गर्न एमालेले आफ्नो संरचनामा आमूल परिवर्तन गरी युवाहरूलाई निर्णायक तहमा पुऱ्याउनै पर्छ। आजको यो सानो विद्रोह भोलिको ठूलो रूपान्तरणको प्रस्थानविन्दु बन्न सक्छ। त्यसैले, यो कदमलाई हारको रूपमा नभई एमालेको आन्तरिक सुदृढीकरण र परिवर्तनको शुभसंकेतका रूपमा बुझ्नु सान्दर्भिक देखिन्छ।

# चट्याङका कारण एक दशकमा हजार बढीको ज्यान गयो

*- प्रगति ढकाल/रासस*

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार नेपालमा विगत १२ वर्षमा चट्याङका घटनाबाट ठूलो जनधनको क्षति भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ हाइड्रोलोजिस्ट राजेन्द्र शर्माका अनुसार विसं २०७० वैशाख १ गतेदेखि विसं २०८२ फागुन मसान्तसम्मको अवधिमा देशभर तीन हजार ३ सय ८६ वटा चट्याङका घटना दर्ता भएका छन्। ती घटनामा कुल एक हजार ७३ जनाको ज्यान गएको छ। तीमध्ये ४ सय ६० पुरुष, ३ सय ३ महिला र ३ सय १२ जनाको पहिचान खुल्न सकेको छैन।

चट्याङबाट तीन ४ सय ८ जना घाइते भएका छन्। तीमध्ये एक हजार ३ सय १७ पुरुष, एक हजार ६ सय ३३ महिला छन्। चार हजार २ सय ९४ परिवार चट्याङका कारण प्रभावित बनेका केन्द्रले जनाएको छ। साथै एक सय चार घरमा पूर्ण र तीन सय ९० घरमा आंशिक रूपमा क्षति पुगेको छ।

पूर्वाधारतर्फ एक सय १४ गोठमा क्षति पुगेको छ भने चार हजार ८ सय ४९ वटा पशुचौपायामा क्षति पुगेको छ। केन्द्रका अनुसार चट्याङका घटनाबाट कुल ११ करोड ८२ लाख १८ हजार २ सय ६० रुपैयाँ बराबरको अनुमानित आर्थिक क्षति भएको वरिष्ठ हाइड्रोलोजिस्ट शर्माले जानकारी दिनुभयो।

विसं २०७० देखि २०८२ सम्मको अवधिमा मकवानपुरमा सबैभन्दा बढी १ सय ८२ वटा चट्याङका घटना दर्ता भएका छन्। जिल्लामा २१ पुरुष र २० महिला गरी ४१ जनाको मृत्यु भएको छ भने ७५ जना घाइते भएका छन्। साथै तीन सय परिवार प्रभावित भएका छन्।

झापामा एक सय १३ घटना, उदयपुरमा एक सय चार, दैलेखमा एक सय पाँच र मोरङमा ९५ वटा घटना दर्ता भएका छन्। मानवीय क्षतिको हिसाबले मकवानपुरमा सबैभन्दा बढी ७५, मोरङमा ४२ र उदयपुरमा ३९ जनाको मृत्यु भएको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ।

पूर्वी पहाडी जिल्लामा पनि चट्याङको प्रभाव उल्लेखनीय देखिएको केन्द्रको भनाइ छ। खोटाङमा ९२, संखुवासभामा ८६, र ओखलढुङ्गामा ७६ वटा घटना दर्ता भएका छन्। यसले यी क्षेत्रमा चट्याङको निरन्तर जोखिम देखाएको छ। मधेस प्रदेशअन्तर्गत सप्तरी, सिराहा, धनुषा, पर्सालगायत जिल्लामा दर्जनौँको मृत्यु भएको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको विवरणमा उल्लेख छ।

पश्चिम नेपालतर्फ रोल्पामा ९१, गुल्मीमा ७२, प्युठानमा ७२ र अछाममा ७३ वटा घटना दर्ता भइका छन्। आर्थिक क्षतिमा झापामा सबैभन्दा बढी करिब रु एक करोड सात लाखबराबरको क्षति भएको छ भने खोटाङ, उदयपुर र संखुवासभामा पनि बढी नोक्सानी भएको छ।

यसैबीच, विज्ञहरूले मनसुन र प्रि–मनसुन अवधिमा चट्याङका घटना बढी हुने भएकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपाय अपनाउन आवश्यकमा जोड दिएका छन्।

**वार्षिक औसत ६७ जनाको मृत्यु**

विसं २०७९ देखि विसं २०८१ सम्मको तथ्याङ्क विश्लेषण गर्दा चट्याङबाट वार्षिक औसत रूपमा ६७ जनाको मृत्यु हुने गरेको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्याङ्कले देखिएको छ। गृह मन्त्रालयको तथ्याङ्क अनुसार विसं २०७७ मा दुई दुई ४८ वटा घटना हुँदा ७० जनाको मृत्यु र दुई सय ४८ जना घाइते भएका थिए। विसं २०७८ मा घटनाको संख्या दुई सय तीनमा झरेकामा ती घटनामा ५६ जनाको मृत्यु र एक सय ७९ जना घाइते भएका थिए।

वरिष्ठ हाइड्रोलोजिष्ट शर्माका अनुसार विसं २०७९ मा दुई सय ९० घटना दर्ता हुँदा ८४ जनाको मृत्यु, दुई सय ३८ जना घाइते, विसं २०८० मा दुई सय ४७ घटनामा ४४ को मृत्यु र दुई सय २८ घाइते, विसं २०८१ मा चार सय ३६ घटना हुँदा वर्ष ७९ जनाको मृत्यु र तीन सय २२ जना घाइते भएका छन्। विसं २०८२ को वैशाखदेखि चैत्र १४ गतेसम्मको अवधिमा चार सय ४ सय १६ घटना हुँदा ४७ को मृत्यु र तीन सय सात जना घाइते भएका उहाँले जानकारी दिनुभयो।

यसैबीच, जल तथा मौसम विज्ञान विभागको प्रवक्ता एवम् मौसमविद् विभूती पोखरेलले हावाहुरी चलिरहेको तथा चट्याङ परिरहेको समयमा घरबाहिर ननिस्कन सबैलाई आग्रह गर्नुभयो। विभागका मौसमविद् गोविन्द झाले चट्याङ्ग (आकाशीय बिजुली) आउन लागेको छ कि छैन भनेर सर्वसाधारणले केही स्पष्ट प्रारम्भिक सङ्केतबाट पहिचान गर्न सक्ने बताउनुभयो। उहाँका अनुसार अस्थिर वायुमण्डल, दिउँसो गर्मी बढ्नु र विस्तारै कालो बादल लाग्नु, बादल तीव्रगतिमा सर्नु र अचानक चिसो हावा चल्नु चट्याङको प्रमुख सङ्केत हुन्।

टाढाबाट गड्याङगुडुङको आवाज सुन्नु पनि चट्याङ्ग आगमनको स्पष्ट सङ्केत रहेकाकाले आवश्यक सावधानी अपनाउनुपर्नेमा मौसमविद् झाले जोड दिनुभयो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आकाशमा बिजुली चम्किन थाली गड्याङगुडुङ गर्न थालेपछि सतर्क हुने र नजिकै कुनै घर वा संरचना भए भित्र जानुपर्ने जनाएको छ।

**के हो चट्याङ ?**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रकाशन गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी हाते पुस्तकका अनुसार चट्याङ बादलदेखि जमिनमा बग्ने ठूलो मात्राको विद्युतीय करेन्ट हो। फरक उचाइमा रहेका र विपरीत चार्ज रहेका बादलहरू नजिक पुगेर एक्कासी विद्युत् प्रवाह हुँदा ठूलो मात्रामा शक्ति उत्पन्न हुँदा चर्को आवाज र आगोसहितको विद्युतीय तरङ्ग पृथ्वीको सतहमा आउँदा चट्याङको जोखिम हुन्छ। बस्ती, वन बुट्यान र भौगोलिक परिवेशले चट्याङका घटना र विपद् जोखिम निर्धारण गर्दछन् तापनि मूलतः यो एक दुर्घटना हो। चट्याङका कारण विशेषगरी खुला क्षेत्रमा काम गर्ने किसान, मजदुर र पशुपालकको ज्यान जाने गरेको छ। अग्ला भवन, विद्यालय, अस्पताल, सपिङ मल, विद्युत तथा टेलिफोन लाइनजस्ता भौतिक पूर्वाधार संरचनामा चट्याङ निवारक प्रविधि जडान गरेर जनधनको क्षति कम गर्न सकिन्छ।

चट्याङबाट बच्न पूर्वतयारी र सावधानी अपनाउन आग्रह

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रकाशन गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी हाते पुस्तकले चट्याङबाट हुने जोखिम घटाउन समयमा पूर्वतयारी र सचेतना अपनाउन सबैलाई आग्रह गरेको छ। प्राधिकरणले आधिकारिक निकायबाट जारी हुने पूर्वसूचना र जानकारीलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएको हो।

हाते पुस्तकअनुसार चट्याङका बेला सुरक्षित स्थान र व्यवहारबारे अग्रिम जानकारी राख्नु आवश्यक छ। यसबारे घरपरिवार, छिमेकी तथा समुदायमा छलफल गरी सचेतना फैलाउनुपर्ने उल्लेख गरिएको छ। विद्यालय, कलेज तथा टोलस्तरमा समेत चट्याङबाट जोगिने अभ्यास सञ्चालन गर्न सुझव दिएको छ।

घरवरिपरि रहेका अग्ला रुखहरू हटाउने वा होचो बनाउने साथै घरको विद्युतीय प्रणालीमा गुणस्तरीय अर्थिङ व्यवस्था गर्नुपर्ने जनाइएको छ। अर्थिङले चट्याङको करेन्टलाई जमिनमा सुरक्षित रूपमा प्रवाह गर्न मद्दत गर्दछ। चट्याङ सक्रिय हुने समयमा अनावश्यक रूपमा विद्युतीय उपकरण प्रयोग नगर्न र जोखिमयुक्त क्षेत्रमा भीड नगर्न पनि आग्रह गरिएको छ।

**घरबाहिर हुँदा अपनाउनुपर्ने सावधानी**

चट्याङ परिरहेका बेला बाहिर परेमा तत्काल सुरक्षित भवनभित्र पस्नुपर्ने सुझाव दिइएको छ। रुख, बिजुलीका पोल वा टावर नजिक बस्न नहुने, छाता प्रयोग नगर्नु पर्ने तथा खेतबारीमा काम गरिरहेको अवस्थामा काम रोकी सुरक्षित स्थानमा जानुपर्ने उल्लेख गरिएको छ। सुरक्षित ओत उपलब्ध नभएमा शरीरलाई सानो बनाएर घुँडा समातेर बस्नुपर्ने, समूहमा भए अलगअलग र टाढा बस्नुपर्ने बताइएको छ। खोला, पोखरी वा स्वीमिङ क्षेत्रमा रहेमा तुरुन्त बाहिर निस्कन र माछा मार्ने वा यॉफ्टिङजस्ता गतिविधि नगर्न पनि सचेत गराइएको छ। त्यस्तै, साइकल वा मोटरसाइकलमा यात्रा गरिरहेको अवस्थामा सवारी साधन रोकी ओर्लनुपर्ने र धातुका वस्तु नछुनुपर्ने सुझाव दिइएको छ।

**घरभित्र हुँदा के गर्ने ?**

प्राधिकरण वरिष्ठ हाइड्रोलोजिष्ट शर्माले घरभित्र रहँदा झ्यालढोका बन्द गरी सुक्खा स्थानमा बस्नुपर्ने, तारयुक्त टेलिफोन प्रयोग नगर्नुपर्ने तथा सकेसम्म मोबाइल फोनसमेत प्रयोग नगर्न सुझाव दिनुभएको छ। उहाँका अनुसार चार्जमा रहेका विद्युतीय उपकरणहरू हटाउने, टिभी, कम्प्युटरजस्ता उपकरण बन्द गरी प्लग निकाल्नुपर्छ।

'साथै पानीका धारामा नछुने, नुहाउने, कपडा धुने वा भाँडा माझ्ने काम नगर्नुपर्ने तथा झ्याल, ग्रिल वा धातुका संरचनामा नअडिएर अलग बस्न आग्रह गर्दछौँ,' शर्माले भन्नुभयो। सम्बन्धित निकायले बारम्बार चट्याङ पर्ने क्षेत्रमा 'चट्याङ जोखिम क्षेत्र' का ङस्केत चिह्न राखी जनचेतना अभिवृद्धि गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

मानसिक स्वास्थ्यमा पर्ने असर

पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ वासुदेव कार्कीले चट्याङजस्ता प्राकृतिक विपद्पछि मानसिक तथा मनोसामाजिक समस्या देखिन सक्ने बताउनुभयो। उहाँका अनुसार यस्ता घटनापछि पीडित र प्रभावित परिवारमा तनाव, डर, चिन्तालगायत समस्या सामान्य रूपमा देखापर्न सक्छन्। 'विपदको समयमा मानसिक अवस्थालाई बेवास्ता गर्नु हुँदैन, समयमै पहिचान र व्यवस्थापन आवश्यक हुन्छ,' उहाँले भन्नुभयो।

सरकारले पनि प्राकृतिक विपद्का बेला मनोसामाजिक समस्याको पहिचान र व्यवस्थापनलाई प्राथमिकतामा राख्दै नीति बनाएको भन्दै वरिष्ठ मनोरोग विशेषज्ञ कार्कीले नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो। उहाँका अनुसार यस्ता कठिन समयमा व्यक्तिले आफ्ना भावनात्मक समस्या स्वाभाविक रूपमा स्वीकार गर्नुपर्छ।

'आफ्नो अनुभूति दबाएर राख्नु हुँदैन, नजिकका साथी वा परिवारसँग कुरा गर्नु महत्त्वपूर्ण हुन्छ,' वरिष्ठ मनोरोग विशेषज्ञ कार्कीले सुझाव दिनुभयो, 'आवश्यक परेमा विशेषज्ञ चिकित्सकको सहयोग लिनुपर्छ।' उहाँले प्रभावितलाई उपलब्ध सहयोगी संयन्त्रसँग जोड्नुपर्नेमा जोड दिनुभयो।

नेपाल रेडक्रस सोसाइटी लगायत संस्थाहरूले मनोसामाजिक सहयोगसम्बन्धी कार्यविधि तयार गरी तालिम तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। विपद्बाट मृत्यु भएका व्यक्तिका परिवार र घाइतेका आफन्तलाई विशेष मनोसामाजिक सहयोग आवश्यक पर्ने भएकाले राज्य र सरोकार भएका निकायले समन्वयात्मक रूपमा काम गर्नुपर्ने कार्कीले सुझाव दिनुभयो।

**गर्भावस्थामा चट्याङको असरबारे विशेषज्ञको भनाइ यस्तो छ**

प्रसूति तथा स्त्रीरोग विशेषज्ञ प्रा.डा. आरजुचन्द सिंहले गर्भवतीमा चट्याङसम्बन्धी फैलिएका भ्रमहरूले अनावश्यक डर सिर्जना गर्ने भन्दै वैज्ञानिक तथ्यमा आधारित जानकारी अपनाउन आग्रह गर्नुभएको छ। 'गर्भावस्थामा चट्याङ जस्ता मौसमजन्य घटनाभन्दा पनि सही जानकारी र व्यवहारिक सावधानी महत्वपूर्ण हुन्छन्। सामान्य अवस्थामा चट्याङको प्रभाव गर्भवती महिला वा गर्भस्थ शिशुमा हानी गर्दैन। झ्यालबाट चट्याङ देख्नु, बाहिर पानी परिरहेको बेला घरभित्र बस्नु वा गर्जन सुन्नुजस्ता अवस्थालाई 'अप्रत्यक्ष सम्पर्क' मानिन्छ। जुन गर्भवती र शिशु दुवैका लागि सुरक्षित मानिन्छ,' उहाँले भन्नुभयो, 'प्रत्यक्ष रूपमा चट्याङ लाग्ने सम्भावना अत्यन्तै कम हुन्छ तर यस्तो अवस्थामा आमाको मुटु वा स्नायु प्रणालीमा असर पर्नसक्ने र त्यसले शिशुको अक्सिजन आपूर्तिमा समस्या ल्याउन सक्छ।'

चट्याङको गर्जनले शिशुलाई हानि पुर्याउँछ भन्ने विश्वास गलत रहेको भन्दै उहाँले अम्नियोटिक तरल पदार्थले ध्वनि तरङ्गलाई कम गर्ने बताउनुभयो। डा. सिंहका अनुसार प्रत्यक्ष विद्युत् झट्का लागेमा, बेहोस हुने, लगातार चक्कर आउने, रगत बग्ने, पानी चुहिने वा पेट दुख्नेलगायत लक्षण देखिएमा तत्काल अस्पताल जानुपर्ने हुन्छ। सामान्य रूपमा दुई घण्टाभित्र कम्तीमा १० पटक शिशुको हलचल महसुस हुनुपर्ने उल्लेख गर्दै उहाँले असामान्य कमी देखिएमा तत्काल ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

# न्यायिक नेतृत्वमा इतिहासकै दोस्रो महिला सपना प्रधान मल्ल

*कालिका खड्का/रासस*



नेपालको न्यायिक इतिहासमा दोस्रोपटक महिलाले नेतृत्व गर्ने अवसर पाएको छ। सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले आजदेखि कायममुकायम ९कामु० प्रधानन्यायाधीशका रूपमा जिम्मेवारी सम्हाल्नुभएको छ। यसअघि, पहिलोपटक न्यायिक नेतृत्वको इतिहासमा महिला प्रधानन्यायाधीशमा सुशीला कार्कीले नेतृत्व गर्नुभएको थियो।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ वर्षे उमेरहदका कारण मङ्गलबार सेवानिवृत्त भएपछि वरिष्ठतम् न्यायाधीश मल्लको काँधमा कामु प्रधानन्यायाधीशको जिम्मेवारी आइपुगेको हो।

प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीशले कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा १२९ (६) मा प्रधानन्यायाधीश अवकाश भएपछि वरिष्ठतम् न्यायाधीशले स्वतः कामु प्रधानन्यायाधीश हुने व्यवस्था गरिएको छ।

न्याय परिषद्ले गत फागुन २६ गते प्रधानन्यायाधीश बन्न योग्यता पुगेका सर्वोच्च अदालतका छ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो। प्रधानन्यायाधीशका लागि परिषद्ले वरिष्ठतम् न्यायाधीश मल्लसहित, न्यायाधीशहरू कुमार रेग्मी, हरि फुँयाल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गरेको थियो।

नेपालको संविधान अनुसार, सर्वोच्च अदालतमा तीन वर्ष न्यायाधीश भएको र ६५ वर्ष उमेर नपुगेको व्यक्ति प्रधानन्यायाधीश हुन पाउने योग्यता पुगेको मानिन्छ। प्रधानन्यायाधीशको पद रिक्त हुनुभन्दा एक महिनाअघि नै संवैधानिक परिषद्ले नयाँ प्रधानन्यायाधीशको नाम प्रस्ताव गर्नुपर्छ। तर प्रतिनिधिसभा विघटन भएसँगै संवैधानिक परिषद्को बैठक बस्न सकेको छैन्। सभामुख, उपसभामुख, प्रमुख विपक्षी दलको नेताको पद रिक्त भएकाले संवैधानिक परिषदले नयाँ प्रधानन्यायाधीशको नाम सिफारिस गर्न नसकेको बताइएको छ।

संसदीय सुनुवाइ विशेष समितिमा संसदीय सुनुवाइबाट अनुमोदन भएपछि मात्रै राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्ति गर्ने व्यवस्था छ।

प्रतिनिधिसभाको निर्वाचनपछि संसद्को अधिवेशन बिहीबारदेखि सुरु हुने र सभामुख–उपसभामुखको निर्वाचनको प्रक्रिया सुरु हुन बाँकी रहेकाले सुनुवाइ समितिको गठनमा अझै केही हप्ता लाग्न सक्ने देखिन्छ।

**कामु प्रधानन्यायाधीश सपना**

बुबा गोविन्दबहादुर प्रधान र आमा राधा प्रधानको कोखबाट विसं २०२० कात्तिक २९ गते शुक्रबार थापाथली काठमाडौँमा जन्मिनुभएकी कामु प्रधानन्यायाधीश मल्ल २०७३ साल साउन १७ गते सर्वोच्च अदालतको न्यायाधीश हुनुभएको थियो।

उहाँ त्रिभुवन विश्वविद्यालयको नेपाल ल क्याम्पसबाट कानून विषयमा स्नातक र दिल्ली विश्वविद्यालयबाट कानून विषयमा नै स्नातकोत्तर गर्नुभएको छ। संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट जनप्रशासनमा समेत उहाँ स्नातकोत्तर गर्नुभएको हो।

विसं २०४५ देखि कानून व्यवसायमा सक्रिय भएर काम गर्नुभएकी कामु प्रधानन्यायाधीश सपनासँग दुई वर्ष नेपाल ल क्याम्पसमा कानून पढाउनुभएको अनुभव पनि छ। अधिवक्ता भएर काम गर्दागर्दै २०६९ सालमा उहाँले वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नुभएको थियो।

कामु प्रधानन्यायाधीश सपनाको दर्जनौँ शोध र लेखहरू प्रकाशित भएका छन्। कानूनका क्षेत्रबाट महिला अधिकारको संरक्षण, महिला हिंसा नियन्त्रण, सामाजिक न्याय, महिलामा लगानी, महिलाको सम्पत्तिको अधिकार आदि धेरै विषयमा राष्ट्रिय–अन्तरराष्ट्रिय दैनिक तथा जर्नलहरूमा लेखसमेत उहाँले लेख्नुभएको छ।

सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा कार्यरत हुँदा उहाँले लैङ्गिक न्याय, लैङ्गिक एवम् घरेलु हिंसा एवम् संवैधानिक मामिला जोडिएका कैयौँ मुद्दामा दूरगामी असर पार्ने नजिर पनि प्रतिपादन गर्नुभएको थियो।

**न्यायिक नेतृत्वसम्म आइपुग्दा सपनाका सङ्घर्ष**

सर्वोच्च अदालतको न्यायाधीश हुनुभन्दा अगाडि उहाँ विभिन्न अन्तरराष्ट्रिय सङ्घसंस्था, कानून न्याय एवम् मानवअधिकारका विषयमा काम गरिसक्नुभएको छ। कानूनकै विद्यार्थी भएको हुनाले कामु प्रधानन्यायाधीश मल्लले २०६४ देखि २०६९ सालसम्म संविधानसभा सदस्य भएर पनि काम गरिसक्नुभएको छ। संयुक्त राष्ट्रसङ्घको यातनाविरुद्धको समितिमा विज्ञ सदस्य भएरसमेत उहाँले काम गरिसक्नुभएको हो। यसका साथै कामु प्रधानन्यायाधीश मल्लले कानूनका क्षेत्रसँग सम्बन्धित धेरै सङ्घसंस्थामा आबद्ध भएर काम गरिसक्नुभएको छ। न्यायाधीश महिला समाजको संयोजक भएर काम गरिसक्नुभएको उहाँले वातावरणसमबन्धी विश्वव्यापी न्यायिक संस्थानको महासचिव भएर पनि काम गरिसक्नुभएको छ।

त्यस्तै सार्क कानून नेपाल अध्ययनको अध्यक्ष, अन्तरराष्ट्रिय महिला न्यायाधीश सङ्घको सदस्य, वातावरण न्यायसम्बन्धी विश्वको आयोगको सदस्य, नेपाल बार एसोसिएसनको सदस्यका साथै विभिन्न पदमा रहेर उहाँले काम गरिसक्नुभएको हो।

वरिष्ठ अधिवक्ता तथा संविधासभा सदस्यसमेत भएर काम गर्नुभएकी कामु प्रधानन्यायाधीश मल्लले नेपाल सरकारको दशौँ योजनामा समावेश गर्ने योजना र कार्ययोजनाको विकासमा संलग्न हुनुहुन्थ्यो। मानव बेचबिखन विधेयक, राष्ट्रिय महिला आयोग विधेयक तथा उत्तराधिकार अधिकार विधेयक र वैदेशिक रोजगार विधेयक, यौन उत्पीडनविरोधी कानून र लैङ्गिक समानता विधेयकलगायत कानून सुधार पहलहरूलगायत धेरै कानूनी क्षेत्रमा योगदान पुर्याउनुभएको छ।

सर्वोच्च अदालतमा कार्यरत रहँदा व्यवस्थापन तथा प्रकाशन समितिलगायतका धेरै समितिमा रहेर उहाँले नेतृत्व गरिसक्नुभएको छ। प्रधानन्यायाधीश भएमा उहाँ २०८५ कात्तिक ३० गते ६५ वर्षे उमेरहदबाट अवकाश हुनुपर्नेछ।

# रेन्वो ट्राउट माछापालनका लागि रसुवा वैज्ञानिक केन्द्र बन्दै



**रसुवा ।**
हिमाली जिल्ला रसुवा केवल प्राकृतिक सौन्दर्य र पर्यटनको केन्द्रमात्र नभई पछिल्ला वर्षमा वैज्ञानिक कृषि अभ्यासको थलोका रूपमा पनि विकसित हुँदै गएको छ । हिमाली चिसो पानीमा आधारित माछापालन प्रविधिले अहिले नयाँ आर्थिक सम्भावनाको ढोका खोलेको हो ।
जिल्ला सदरमुकाम धुन्चे नजिक इमरुङ क्षेत्रमा सञ्चालन भइरहेको रेन्वो ट्राउट मत्स्य अनुसन्धान केन्द्रबाट उत्पादित माछाका भुरा सुदूरपश्चिमको दार्चुलासम्म पुगेपछि हिमाली क्षेत्रको कृषि रूपान्तरणले नयाँ गति लिएको हो ।
नेपालमा परम्परागत रूपले तराई क्षेत्रमा मात्रै माछापालन हुने मान्यता थियो । हिमाली क्षेत्रमा पनि माछापालन सम्भव छ भन्ने वैज्ञानिक प्रमाण यही केन्द्रले स्थापित गरेको छ । नेपालमा रेन्वो ट्राउट माछा भित्रिएको इतिहास करिब पाँच दशक पुगिसकेको छ । विदेशी सहयोग र वैज्ञानिक परीक्षणमार्फत हिमाली चिसो पानीमा यो प्रजाति अनुकूल हुने प्रमाणित भएपछि यसको व्यावसायिक सम्भावनाको प्रमाणितसँगै रेन्वो ट्राउट माछा पाल्न थालिएको थियो । सुरुमा बोकेझुण्डाबाट सुरु गरिएको माछापालन अहिले रसुवाका दर्जनौँ स्थानमा विस्तार भइसकेको छ ।
उक्त सम्भावनालाई व्यवहारमा रूपान्तरण गर्दै २०७१ सालदेखि धुन्चेको मत्स्य अनुसन्धान केन्द्रले व्यवस्थित रूपमा भुरा उत्पादन कार्यक्रम सुरु गरेको थियो । सुरुमा सीमित परीक्षणबाट गरिएको उत्पादन अहिले राष्ट्रियस्तरमा फैलिएको छ । हालसम्म रसुवाबाट उत्पादन भएका माछाका भुरा २७ भन्दा बढी जिल्लामा पुगिसकेका छन् ।
दार्चुलासँगै बैतडी, मुगु, जुम्ला, कालीकोट, पर्वत, रुकुमपूर्व, रुकुमपश्चिम, गुल्मी, म्याग्दी, बागलुङ, कास्की, गोरखा, धादिङ, मकवानपुर, ललितपुर, काठमाडौँको शङ्खरापुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा, सोलुखुम्बु, तेह्रथुम, ताप्लेजुङ र नुवाकोटसम्मका किसानले भुरा लैजाने गरेका केन्द्रले जनाएको छ ।
केन्द्रका वैज्ञानिक प्रमुख महेन्द्रप्रसाद भण्डारीका अनुसार किसानको मागअनुसार विस्तारै उत्पादन अगाडि लगिएको छ । यसले हिमाली कृषि प्रणालीमा परिवर्तन ल्याएको बताउँदै उहाँले सरकार मातहतमा सञ्चालन हुँदै आएको देशको एक मात्र रेन्वो ट्राउट मत्स्य अनुसन्धान केन्द्रले अण्डा उत्पादनदेखि भुरा वितरण र प्राविधिक तालिमसम्म एकीकृत सेवा उपलब्ध गराउँदै आइएको जानकारी दिएका छन् ।
यस केन्द्रले केवल उत्पादनमात्र नभई किसानलाई वैज्ञानिक ज्ञान र सीपसमेत प्रदान गर्दै आएको छ । जिल्लाभित्रका नागुङ, बोकेझुण्डा, सोले, ठुलोभार्खु, बाह्रघुम्ती, गतलाङ, गोल्जुङ र नेसिङलगायत क्षेत्रमा ट्राउट माछापालन विस्तार भइसकेको छ । हिमाली क्षेत्रमा रोजगारी अभावका कारण विदेश पलायन बढिरहेका बेला ट्राउट माछापालनले स्थानीय युवालाई गाउँमै अवसर सृजना गर्न थालेको छ । केन्द्रबाट उत्पादन गरिएको आँखा खुलेका ट्राउट माछाका अण्डा भुटानसम्म निर्यात हुनु नेपाली मत्स्य अनुसन्धानको महत्त्वपूर्ण उपलब्धि मानिएको छ । गत वर्ष माछाका भुरा भुटान पठाइएको मत्स्य प्राविधिकले बताएका छन् ।
उन्नत मापदण्डअनुसार उत्पादन गरिने अण्डा र भुराले मनग्य प्रतिफल दिने भएकाले किसानको आकर्षण निरन्तर बढिरहेको केन्द्रका प्रमुख भण्डारीले बताए । स्थापनाकालमा प्रतिकिलो रु तीन सय रहेको मूल्य अहिले बढेर रु एक हजार पुगेको जनाउँदै उहाँले पछिल्लो समय यसको आर्थिक मूल्य र माग दुवै बढेको धारणा राखेका छन् ।
ट्राउट माछाका भुरा उत्पादनका लागि नौदेखि ११ डिग्रीसेल्सियस तापक्रमको पानी आवश्यक पर्ने प्रमुख भण्डारीले जानकारी दिएका छन् । यो माछा पालनका लागि १४ देखि १८ डिग्रीसेल्सियस उपयुक्त मानिन्छ । धुन्चे केन्द्रमा त्रिशूली नदीको शुद्ध हिमाली पानी पाइपमार्फत एक किलोमिटरभन्दा टाढाबाट ल्याएर प्रयोग गरिएको छ, जुन वैज्ञानिक व्यवस्थापनको उत्कृष्ट उदाहरण हो ।
मत्स्य केन्द्रका लागि आवश्यक पानी व्यवस्थापन गर्न दुईवटा 'रिजर्भवायर', ठूला पोखरी तथा साना गरी ६९ वटा पोखरी निर्माण गरिएका छन् । समुद्री सतहबाट एक हजार ८५० मिटर उचाइमा रहेको यो केन्द्र हिमाली मत्स्य अनुसन्धानका लागि प्राकृतिक प्रयोगशालाका रूपमा विकसित हुँदै गएको छ । हाल केन्द्रमा अण्डा दिने २७५ वटा माछा तयारी अवस्थामा छन् भने आगामी वर्षमा उत्पादनका लागि आवश्यक अभिभावक माछासमेत व्यवस्थित रूपमा हुर्कँदैछन् । फिङ्गरलिङ अवस्थाका माछा पनि पर्याप्त मात्रामा पोखरीमा भण्डारण गरिएकाले आगामी वर्ष उत्पादन अझ बढ्ने अपेक्षा गरिएको छ ।
चालु आर्थिक वर्षमा मात्रै केन्द्रबाट एक लाख ११ हजारभन्दा बढी भुरा किसानलाई वितरण गरिसकिएको मत्स्य प्राविधिक विशेष कोइरालाले जानकारी दिनुभयो । पछिल्ला वर्षहरूमा ट्राउट माछाको परिकारप्रति उपभोक्ताको आकर्षण तीव्र रूपमा बढेको छ । विशेषगरी ट्राउटको झोल, फापर र मकैको ढिडोसँग खाने संस्कार लोकप्रिय बन्दै गएको छ । रसुवा अस्पतालका सुपरिटेन्डेन्ट डा अमितकुमार शाहले मधुमेह, उच्च रक्तचापजस्ता बिरामीले समेत सेवन गर्न मिल्ने पौष्टिक तत्व माछा भएकाले खान उपयुक्त हुने बताउनुभयो । ठुलोभार्खु माछापालन तथा रिसोर्ट सेन्टरका सञ्चालक याङ्जेन तामाङका अनुसार स्वास्थ्यप्रेमी उपभोक्ताले ट्राउट माछालाई विशेष प्राथमिकता दिन थालेका छन् । हिमाली क्षेत्रमा आधारित कृषि प्रणालीलाई आधुनिक विज्ञानसँग जोड्ने अभियानका रूपमा यो केन्द्र विकसित भइरहेको छ । भविष्यमा यसलाई वैज्ञानिक अध्ययन, अनुसन्धान तथा प्रशिक्षण केन्द्रका रूपमा विस्तार गर्ने योजना पनि अघि बढाइएको छ । रेन्वो ट्राउट माछापालनले हिमाली क्षेत्रको कृषि विविधिकरणमात्र होइन, ग्रामीण गरिबी न्यूनीकरण, रोजगारी सृजना र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा उल्लेखनीय योगदान दिने अपेक्षा गरिएको छ । रसुवाबाट सुरु भएको यो माछा अब दार्चुलादेखि पूर्वका हिमाली गाउँसम्म फैलिँदै नेपालको हिमाली अर्थतन्त्रलाई नयाँ दिशातर्फ अघि बढाइरहेको जनाइएको छ । रासस

# हेटौँडा सिमेन्टमा आगो बाल्ने भट्टीको मर्मत गरेर पुनः उत्पादन सुरु



**मकवानपुर ।**
हेटौँडा सिमेन्ट उद्योगको आगो बाल्ने भट्टीको उपकरण बिग्रेपछि उत्पादन तत्कालै सो उपकरणको मर्मत गरी रेर आजबाट सिमेन्ट पुनः उत्पादन सुरु गरिएको उद्योगको व्यवस्थापनले जनाएको छ ।
\ उद्योगको व्यवस्थापनले गत चैत १४ गतेबाट करिब सात महिनापछि सिमेन्टको उत्पादन सुरु गरिएलगत्तै चैत १५ गते अपराह्न आगो बाल्ने भट्टी कोलमिलको केही उपकरणमा बिग्रेर भट्टी बन्द गर्नुपरेको थियो । उद्योगको कोलमिलमा गएराति कोइला ढुवानी गरी आगो बालिएको थियो । उक्त उद्योगले सिमेन्टको धुलो उत्पादन गर्ने क्लिङ्करको उत्पादन कार्य आजदेखि सुरु गरिएको जनाइएको छ । उद्योगमा सिमेन्ट उत्पादन गर्ने कार्य नियमित आगामी दुई महिनासम्म पुग्ने कोइला जगेडामा राखिएको जनाउँदै बाँकी नपुग कोइला खरिद गर्न उद्योग व्यवस्थापनले बोलपत्र आह्वान गरिसकेको हेटौँडा सिमेन्ट उद्योग प्रशासन महाशाखाका सहायक प्रबन्धक विकास श्रेष्ठले राससलाई जानकारी दिए ।
उनका अनुसार उद्योगका लागि आवश्यक कच्चा पदार्थ कोइला खरिद गर्न तत्काल आर्थिक सङ्कटको भार व्यहोर्नुपरेकाले सिमेन्ट उत्पादनमा अवरोध उत्पन्न हुँदै आएको हो । उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा रहेको जनाउँदै उनले अहिले विभिन्न उपकरण जीर्ण भएकाले दैनिक ११ हजार बोरामात्र उत्पादन हुने गरेको उल्लेख गरे । विसं २०३३ मा हेटौँडाको लामसुरेमा तत्कालीन श्री ५ को सरकारले हेटौँडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो । तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहबाट विसं २०४३ मङ्सिर २६ गते उक्त उद्योगबाट उत्पादन हुने सिमेन्टको व्यावसायिक शुभारम्भ गरेका थिए । तत्कालीन सरकारले हेटौँडा सिमेन्ट उद्योगका लागि रु एक अर्ब ५० करोड लागतमा निर्माण सम्पन्न गरिएको थियो । उक्त उद्योगबाट उत्पादित सिमेन्ट काठमाडौँ, नेपालगञ्ज, पोखरा, हेटौँडा, वीरगंजलगायत विभिन्न सहरका उपझोक्तालाई बिक्रीवितरण गर्दै आइएको छ । रासस

# गोलबजार मेयर गोल्ड कप चैत तेस्रो सातादेखि

**सिरहा ।**
गोलबजारमा नवौँ संस्करणको मेयर गोल्ड कप फुटबल प्रतियोगिता चैत २३ देखि २९ गतेसम्म सञ्चालन हुने भएको छ । गोलबजार नगरपालिकाले पत्रकार सम्मेलनमार्फत प्रतियोगिताको तालिका सार्वजनिक गरेको हो ।
प्रतियोगितामा कोशी, मधेस र बागमती प्रदेशका गरी आठ क्लबले सहभागिता जनाउने छन् । आयोजकका अनुसार सिरहाबाट गोलबजार युनाइटेड क्लब, गोलबजार स्पोर्टस् क्लब र सल्हेश युवा क्लब सहभागी छन् भने अन्य टोलीहरूमा राष्ट्रिय जागृति क्लब इटहरी, लालिगुराँस स्पोर्टस् क्लब विराटनगर, ब्रदरहुड फुटबल क्लब उदयपुर, चात्या सा फुटबल क्लब दमक र हेटौँडा फुटबल एकेडेमी रहेका छन् ।
नगरप्रमुख श्यामकुमार श्रेष्ठले स्थानीय खेलकुदको विकासका लागि प्रतियोगिता निरन्तर आयोजना हुँदै आएको बताए । उनका अनुसार, नगरबाट प्रतियोगिताका लागि २५ लाख बजेट विनियोजन गरिएको छ । प्रतियोगिताको विजेताले चार लाख ४४ हजार ४४४ र उपविजेताले दुई लाख २२ हजार २२२ प्राप्त गर्नेछन् । साथै उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर, उत्कृष्ट प्रशिक्षक र प्रत्येक खेलका म्यान अफ दी म्याचलाई पुरस्कार प्रदान गरिनेछ । सम्पूर्ण खेल गोलबजार नगरपालिका–२ स्थित गुरुधामको एकीकृत खेलग्राममा सञ्चालन हुनेछन् । रासस

# मध्यपूर्व तनाव चुलिँदै, कूटनीतिक सङ्केतसँगै हिंसा विस्तार

**पेरिस ।**
मध्यपूर्वमा जारी युद्ध एकातिर थप चर्किंदै गएको छ भने अर्कोतिर सम्भावित समाधानका सङ्केतहरू पनि देखिन थालेका छन् । इरान, इजरायल र अमेरिकाबीचको टकरावसँगै खाडी क्षेत्र, लेबनान र इराकसम्म हिंसात्मक घटनाहरू फैलिँदा क्षेत्रीय अस्थिरता गहिरिँदै गएको छ ।
बुधबार इरानको राजधानी तेहरानमा ठूलो विस्फोटका आवाज सुनिएको सरकारी प्रसारण संस्था आइआरआइबीले जनाएको छ । राजधानीका उत्तर, पूर्व र मध्य भागमा आक्रमण भएको बताइएको छ, जसले द्वन्द्व प्रत्यक्ष रूपमा इरानी भूभागमै फैलिएको सङ्केत गरेको छ ।
यसैबीच खाडी क्षेत्रमा पनि आक्रमणहरू तीव्र भएका छन् । कुवेतको अन्तर्राष्ट्रिय विमानस्थल इरानी ड्रोन आक्रमणको निशाना बनेको त्यहाँको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ, जसका कारण इन्धन ट्याङ्कीमा ठूलो आगलागी भएको छ । बहराइनले इरानी आक्रामकताका कारण व्यापारिक संरचनामा आगलागी भएको उल्लेख गरेको छ भने साउदी अरेबियाले धेरै ड्रोन खसालिएको जनाएको छ । कतारको जलक्षेत्रमा एक ट्याङ्कर ठोक्किएको बेलायती समुद्री



सुरक्षा एजेन्सीले पुष्टि गरेको छ । द्वन्द्वको प्रभाव केवल सैन्य क्षेत्रमा मात्र सीमित छैन । मङ्गलबार इराकको बगदादमा एक अमेरिकी पत्रकार अपहरणमा परेका छन् । संयुक्त राज्य अमेरिकाले इरान समर्थित इराकी सशस्त्र समूहले उक्त अपहरण गरेको जनाएको छ । विदेश मन्त्रालयले पत्रकारको सुरक्षाबारे चिन्ता व्यक्त गर्दै छिटो रिहाइका लागि प्रयास भइरहेको बताएको छ । मिडिया समूहहरूले अपहरणमा परेकी पत्रकार स्वतन्त्र संवाददाता शेली किटलेसन रहेको पहिचान गरेका छन् ।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार राति राष्ट्रलाई सम्बोधन गर्दै इरानसम्बन्धी महत्त्वपूर्ण जानकारी दिने घोषणा गरेका छन् । उनले अमेरिकी सैन्य अभियान 'धेरै चाँडै' अन्त्य हुने सङ्केत दिँदै वार्तालाई अघि बढाउने दुईदेखि तीन हप्ताको समयसीमा उल्लेख गरे । इन्धन मूल्य वृद्धिबारे सोधिएको प्रश्नमा उनले इरानबाट बाहिरिने रणनीतिले मूल्य घट्ने विश्वास व्यक्त गरेका छन् ।
ट्रम्पको यस्तै सङ्केतपछि एसियाली सेयर बजारमा सकारात्मक प्रतिक्रिया देखिएको छ । जापानको निक्केई २२५ सूचकाङ्क ४ प्रतिशतले बढेको छ भने हङकङ, साङ्घाई र सियोलका बजारहरू पनि उक्लिएका छन् । यता लेबनानमा भने हिंसा अझै चर्किएको छ । राजधानी बेरुतको दक्षिणी क्षेत्रमा इजरायली आक्रमणमा सात जनाको मृत्यु भएको र दर्जनौँ घाइते भएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले हिजबुल्लाहका वरिष्ठ कमान्डरहरूलाई लक्षित गरी आक्रमण गरिएको दाबी गरेको छ । दक्षिणी लेबनानमा भएका अन्य आक्रमणहरूमा थप आठ जनाको मृत्यु भएको छ, जसमा एक प्यारामेडिक पनि रहेका छन् । विभिन्न जिल्लामा भएका आक्रमणले धेरै मानिस घाइते भएका छन् ।
इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तेहरानविरुद्धको सैन्य अभियान जारी रहने स्पष्ट पार्नुभएको छ । उनले 'अभियान समाप्त नभएको' र 'आतङ्कवादी शासनलाई दबाउने' कार्य निरन्तर रहने बताएका छन् । तर इरानका राष्ट्रपति मसुद पेजेस्कियानले भने युद्ध अन्त्य गर्न आफ्नो देश तयार रहेको सङ्केत दिएका छन् । उनले द्वन्द्व अन्त्यका लागि 'आवश्यक इच्छाशक्ति' रहेको उल्लेख गर्दै भविष्यमा फेरि युद्ध नहोस् भन्ने सुनिश्चितता खोजिएको बताएका छन् । इरानमा एक दिनको तीव्र आक्रमणपछि आएको यस प्रतिक्रियाले अमेरिकी बजारमा सुधार ल्याएको र तेलको मूल्य घटाएको जनाइएको छ । यसै क्रममा इस्लामिक रिभोलुसनरी गार्ड कप्सले यदि थप इरानी नेताहरूको हत्या भएमा गुगलजस्ता अमेरिकी प्रविधि कम्पनीहरूमाथि प्रतिशोध लिन सक्ने चेतावनी दिएको छ ।
अन्तर्राष्ट्रिय स्तरमा पनि प्रतिक्रिया बढ्दै गएको छ । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले लेबनानमा इजरायली कारबाहीलाई 'अवैध आक्रमण' भन्दै आलोचना गर्नुभएको छ । इजरायली कारबाहीले लेबनानको सार्वभौमिकता उल्लङ्घन गरेको उनको भनाइ थियो । युरोपेली सङ्घ (इयु) ले भने बढ्दो ऊर्जा मूल्यको दबाबलाई ध्यानमा राख्दै सदस्य राष्ट्रहरूलाई इन्धनको खपत घटाउन आग्रह गरेको छ । यसैबीच क्याथोलिक धर्मगुरु पोप लियो चौधौँले हिंसा अन्त्यको आह्वान गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले युद्ध रोक्ने पहल गर्ने आशा व्यक्त गरेका छन् । उनले बमबारी र हिंसा घटाउने उपाय खोजिनुपर्ने बताएका छन् । रासस

# चन्द्र यात्राको नयाँ अध्यायः आर्टेमिस–२ तयारीमा

**फ्लोरिडा ।**
झन्डै पाँच दशकपछि मानवलाई पुनः चन्द्रमातर्फ पठाउने तयारीमा रहेको नासाको आर्टेमिस–२ मिसनले अन्तरिक्ष अन्वेषणमा नयाँ अध्याय खोल्ने सङ्केत दिएको छ । सन् १९७२ पछिको पहिलो मानवयुक्त चन्द्र उडानका रूपमा हेरिएको यस अभियानले प्रत्यक्ष अवतरण नगरे पनि भविष्यका चन्द्र अभियानका लागि महत्त्वपूर्ण आधार तयार गर्नेछ ।
अपोलो कार्यक्रमको झल्को दिने यो मिसनमा चार अन्तरिक्ष यात्री चन्द्रमातर्फ प्रस्थान गर्नुहुनेछ । उहाँहरू चन्द्रमाको सतहमा अवतरण नगरी त्यसबाट हजारौँ माइल टाढासम्म पुगेर फर्किनुहुनेछ । करिब १० दिनभन्दा कम अवधिको यो 'फ्लाइबाइ' उडानले चन्द्रमाको परिक्रमा नगरी पृथ्वीमा सीधा फर्कने योजना समेटेको छ ।
यस मिसनमा सहभागी अन्तरिक्ष यात्रीहरू रिड वाइजम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी ह्यानसेन विविधता र अन्तर्राष्ट्रिय प्रतिनिधित्वका दृष्टिले विशेष मानिनुहुन्छ । कोचले महिला अन्तरिक्ष यात्रीमध्ये सबैभन्दा लामो एकल अन्तरिक्ष उडान (३२८ दिन) को कीर्तिमान बनाइसक्नुभएको छ र पहिलो सर्वमहिला स्पेसवाकमा पनि सहभागी हुनुभएको थियो । ग्लोभर अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा बस्ने पहिलो अश्वेत अन्तरिक्ष यात्रीमध्ये एक हो भने क्यानाडाका ह्यानसेन पहिलोपटक अन्तरिक्ष यात्रामा निस्कँदै छन् । वाइजम्यानले अनुभवी कमाण्डरका रूपमा टोलीको नेतृत्व गरिरहेको छ ।
मिसनका लागि प्रयोग गरिने स्पेस लन्च सिस्टम (एसएलएस) रकेट अपोलो युगको स्याटर्न–५ भन्दा छोटो भए पनि प्रक्षेपण शक्तिका हिसाबले अझ शक्तिशाली मानिन्छ । यसको शीर्षमा ओरियन क्याप्सुल रहनेछ, जसले अन्तरिक्ष यात्रीहरू बोकेको हुनेछ । तर प्रक्षेपणअघि केही प्राविधिक चुनौतीहरू पनि देखिएका छन् । हाइड्रोजन चुहावट र हिलियम प्रवाहसम्बन्धी समस्याले परीक्षणहरू प्रभावित पार्दै प्रक्षेपण समयतालिका केही पछि धकेलिएको छ । उडानपछि पहिलो २५ घण्टा अन्तरिक्ष यात्रीहरूले पृथ्वीको उच्च कक्षामा परिक्रमा गर्नुहुनेछ । त्यसपछि उहाँहरूले भविष्यका चन्द्र अभियानका लागि आवश्यक डकिङ अभ्यास गर्नुहुनेछ । सबै प्रक्रिया सफल भएमा ओरियनको मुख्य इन्जिनले यानलाई करिब तीन लाख ९३ हजार किलोमिटर टाढा चन्द्रमातर्फ पठाउनेछ । 'फ्रि–रिटर्न ट्राजेक्टोरी' प्रयोग गरिने यस उडानमा चन्द्र र पृथ्वीको गुरुत्वाकर्षणको सहायताले इन्धन बचत गरिनेछ ।
उडानको छैटौँ दिन यान पृथ्वीबाट सबैभन्दा टाढाको विन्दुमा पुग्नेछ, जुन अपोलो–१३ को रेकर्डभन्दा पनि पर हुनेछ । चन्द्रमाबाट करिब आठ हजार किलोमिटर टाढा पुग्दा अन्तरिक्ष यात्रीहरूले चन्द्रमाको टाढाको भाग नजिकबाट अवलोकन गर्ने छन् । यो क्षेत्र मानव आँखाले प्रत्यक्ष हेर्न पाएको अत्यन्तै दुर्लभ अवसर हुनेछ । टोलीले यस क्रममा व्यापक तस्बिरहरू खिच्ने तयारी गरेको छ, जसका लागि अत्याधुनिक क्यामेरा र स्मार्टफोनहरू पनि साथमा लगिनेछन् ।
नासाका खगोलविद् केल्सी यङले चन्द्रमालाई 'विश्वलाई जोड्ने साझा वस्तु' भन्दै यस मिसनले मानिसहरूलाई अझ नजिक ल्याउने विश्वास व्यक्त गरेका छन् । विशेष गरी चन्द्रमाको टाढाको भागबारे प्रत्यक्ष अवलोकनले वैज्ञानिक अनुसन्धानमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ । मिसनको अन्त्य अपोलो कार्यक्रमजस्तै प्रशान्त महासागरमा स्प्ल्यासडाउनमार्फत हुनेछ । पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्दा ओरियन क्याप्सुलको तातो ढाल सबैभन्दा महत्त्वपूर्ण पक्ष हुनेछ, जसले सन् २०२२ को परीक्षण उडानमा कडा परीक्षा सामना गरेको थियो । यसपटक भने अवतरण प्रक्रियालाई छोट्याएर तापीय जोखिम घटाउने योजना बनाइएको छ । समग्रमा, आर्टेमिस–२ मिसनलाई चन्द्रमामा पुनः मानव उपस्थितिको मार्ग तयार गर्ने प्रारम्भिक तर निर्णायक कदमका रूपमा हेरिएको छ, जसले भविष्यमा चन्द्र अवतरण र दीर्घकालीन अन्तरिक्ष अभियानका लागि ढोका खोल्नेछ । रासस

# गाउँमा आएन डिपबोरिङमा पानी



**दाङ ।**
दाङको तुलसीपुरस्थित बबई लिफ्टिङ खानेपानीअन्तर्गत ६ डिपबोरिङ निर्माण गर्ने गरी योजना तयार गरिएको थियो । योजनाअनुसार तुलसीपुरको गोलौरा, सन्तनिरंकारी भवन नजिक, खानेपानी संस्थाको कार्यालय परिसर, हालको यातायात कार्यालय नजिक, इन्द्रनगर र साबिक अञ्चल प्रहरी कार्यालय गरी ६ स्थानमा डिपबोरिङ निर्माण गर्नुपर्ने थियो ।

योजनाअनुसार पानी आएन । एउटा बोरिङबाट १० लिटर प्रतिसेकेन्ड पानी आउनुपर्नेमा दुई लिटर प्रतिसेकेन्ड पानी नआएपछि ती स्थानका डिपबोरिङ अन्यत्र सारिएका छन् । पढ्वामा तीन र बबई नदीको किनारमा दुई डिपबोरिङ स्थानान्तरण गरिएको तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका कोषाध्यक्ष भोलाप्रसाद थापाले बताए ।

हामीलाई १० लिटर प्रतिसेकेन्ड भन्दा बढी पानी चाहिने हो, उनले भने, तर डिजाइन अनुसारका बोरिङमा दुई लिटर प्रति सेकेन्डसम्म नआउने भयो । त्यसैले हामीले पढ्वा र बबई नदीमा डिपबोरिङ खन्यौँ । अबको केही समयमा त्यहाँको पानी तुलसीपुर ल्याउन तयारी छ । बबईमा डिपबोरिङ खनेसँगै डिजाइन परिवर्तन गरी पम्पिङबाट पानी ल्याउनुपर्ने छ । त्यसका लागि अहिले पम्प खरिद गरेर ल्याउँदा करिब तीन÷चार महिना लाग्न सक्ने उनले बताए । त्यहाँबाट ९० लिटर प्रति सेकेन्डभन्दा बढी पानी ल्याउने तयारी छ ।

तीन सम्वेलनसहितबाट बबईको पानी तुलसीपुर ल्याइने छ । अन्य संरचना तयार भइसकेका छन् । पढ्वामा निर्माण भएका तीन बोरिङबाट भने नयाँ वर्षभित्रै पानी ल्याउने तयारी रहेको आयोजनाका प्रोजेक्ट म्यानेजर हरेन्द्र भट्टले बताए । जहाँबाट २४ लिटर प्रतिसेकेन्ड पानी ल्याउने तयारी छ । त्यहाँबाट ल्याएको पानी डुम्री गाउँको ट्याङ्कीबाट वितरण गरिनेछ ।

खानेपानीको पाइप विस्तारको काम लगभग अन्तिम चरणमा छ । रक्षाचौर क्षेत्रमा स्थानीयले विवाद गरेकाले मात्रै त्यहाँ विस्तार हुन सकेको छैन । त्योबाहेक सबै क्षेत्रमा विस्तार भइसकेको छ । पानी शुद्धिकरणका लागि बबईमा ¥यापिड स्यान्ड फिल्टर, डिप बोरिङ भएका स्थानमा मल्टी ग्रेड प्रेसर फिल्टर निर्माण भएका छन् ।

सीतलपुरमा आरभिटी कलेक्सन चेम्बर ५०० घन मिटर, इन्टर मिडियट आरभिटी टकी संतनिरङकारी नेर ३०० घनमिटर, प्रदेश प्रहरी कार्यालय नजिक इन्टर मिडियट आरभिटि ३०० घन मिटर बन्ने, झुमरेमा ५०० घनमिटर र डुम्रीगाउँमा ६०० घनमेटिरका ट्याङ्की बनेका छन् ।

शिखर कोलेनीमा ४५० घनमिटर, मोतिपुरमा २२५ घनमिटर, इन्द्रनगरमा ४५० मिटर घनमिटर ओभरहेड ट्याङ्की निर्माण भएका छन् । डुम्रीगाउँमा ६०० घनमिटर र खानेपानी कार्यालय परिसरमा ३०० घनमिटर अन्डरग्राउन्ड ट्याङ्की निर्माण भएका छन् । प्रसारण पाइप लाइन २८ । ३१५ किलोमिटर हुनेछ, भने पानी वितरण पाइप १२५.७५२ किलोमिटर रहेको छ । त्यस्तै सात वटा सुरक्षा गार्ड हाउस र १० वटा पम्प हाउस निर्माण भएका छन् । एक वर्षअघि सक्नुपर्ने उक्त आयोजनाको काम पूरा नभएपछि पुनः २०८३ असारसम्म म्याद थप गरी काम अगाडि बढाइएको थियो ।

तुलसीपुर खानेपानीको अहिलेसम्म १० हजार बढी धारा रहेका छन् । अहिले खानेपानीको हाहाकार हुने गर्छ । पानी पु¥याउनै समस्या हुने गर्छ । त्यसले गर्दा बबईको पानी आएमा त्यो समस्या हल हुने संस्थाका कोषाध्यक्ष थापाले बताए । हाल तुलसीपुर खानेपानीको मुलकोट, राम्री, चिसापानी, धैरनी, बाख्रे, छरछरे, पहर र लाहुरेचौर गरी आठ वटा ग्राभेटी मुहान छन् ।

कार्यालय परिसरमा डिपबोरिङ, डुम्रीगाउँ, रजौरा, एयरपोर्ट, साबिक अञ्चल प्रहरी कार्यालय परिसर, खर्चवा, झुमरे, रेडक्रस परिसरमा भूमिगत मुहान स्रोत रहेका छन् । रानीजरुवा, पातुखोला र रानीघाटमा सम्पवेल मुहान रहेका छन् । रु ५६ करोड ८० लाख २४ हजार ६३० लागतमा बबई लिफ्टिङको काम अघि बढेको हो । नेपाल सरकारको ७० प्रतिशत अनुदान तथा उपभोक्ताको ३० प्रतिशत लगानीमा खानेपानी आयोजनाको काम बढेको हो ।

यसमा सरकारले रु ३८ करोड ८३ लाख र उपभोक्ताको रु १७ करोड सात लाख लाग्छ । अहिले उपभोक्ताको तर्फबाट अहिले पाँच प्रतिशत र बाँकी २५ प्रतिशत नगर विकास समितिबाट ऋण ल्याएर काम अघि बढाइएको छ । नगर विकास समितिबाट रु १४ करोड २२ लाख ऋण लिएको र बाँकी रु दुई करोड ८४ लाख उपभोक्ताले तिरेका छन् । रासस

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान विस्तारको तयारी

**भैरहवा ।**
गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने लक्ष्यसहित उडान विस्तार र अन्तरराष्ट्रिय वायुसेवा कम्पनी आकर्षित गर्ने नयाँ रणनीति अघि सारिएको छ ।

विमानस्थल व्यवस्थापनले आगामी हिउँदे तालिकादेखि अन्तरराष्ट्रिय उडान संख्यामा उल्लेख्य वृद्धि गर्ने तयारी थालिएको जनाएको हो । विमानस्थलका महाप्रबन्धक श्यामकिशोर साहका अनुसार हाल सीमित रुपमा सञ्चालन भइरहेको अन्तरराष्ट्रिय उडानलाई व्यवस्थित गर्दै नियमितता दिन विशेष पहल भइरहेको छ ।



'हामी गर्मीयामको तालिकादेखि उडान संख्या बढाउने लक्ष्यसहित वायुसेवा कम्पनीहरूसँग समन्वय गरिरहेका छौँ', उनले भने । हालसम्म थाई एयर एसियाको उडानमार्फत बौद्ध धर्मावलम्बीलाई लक्षित सेवा दिँदै आइएको थियो । पछिल्लो हिउँदे तालिकामा सातामा दुई दिन सञ्चालन गरिएको उक्त उडानलाई आगामी याममा थप विस्तार गर्ने तयारी भइरहेको विमानस्थल प्रशासनले जनाएको छ ।

लुम्बिनी–गयाजस्ता बौद्ध सर्किटलाई जोड्ने उडान विस्तारले धार्मिक पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

विमानस्थलको प्रभावकारी उपयोगका लागि 'फिफ्थ फ्रिडम' उडान अवधारणा अघि सारिएको विमानस्थलका महाप्रबन्धक साहले उल्लेख गरे । यस व्यवस्थाअनुसार विदेशी वायुसेवा कम्पनीले भैरहवालाई ट्रान्जिट विन्दु बनाउँदै तेस्रो मुलुकसम्म उडान सञ्चालन गर्न सक्नेछन् । उदाहरणका रूपमा कतार एयरवेजजस्ता वायुसेवाले दोहा–भैरहवा–तेस्रो देश र पुनः सोही मार्गमार्फत उडान सञ्चालन गर्न सक्ने सम्भावना रहेको उनले बताए ।

यस सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणले आवश्यक नीतिगत तथा प्राविधिक तयारी अघि बढाइएको जनाएको छ । सरकारी तहबाट शीघ्र आवश्यक निर्णय हुने अपेक्षा रहेको महाप्रबन्धक साहले बताए । 'अहिले पनि कतार एयरवेजले कतारबाट नभई अन्य मुलुकबाट उडान गरिरहेको छ, हामीले कतार एयरवेजलाई भैरहवाबाट नै 'फिफ्थ फ्रिडम' अनुरुप उडान गर्नेगरी तयारी गरिरहेका छौँ', उनले भने, 'यस विषयमा शीघ्र मन्त्रिपरिषद्ले निर्णय गर्नेमा हामी विश्वस्त छौँ ।'

उडान संख्या वृद्धि गर्ने अर्को महत्त्वपूर्ण योजनाअन्तर्गत नेपाल वायुसेवा निगमको एउटा जहाज भैरहवामा 'बेस' राख्ने तयारी गरिएको विमानस्थलका महाप्रबन्धक साहले जानकारी दिए ।

यसले यहाँबाट अन्तर्राष्ट्रिय उडान सञ्चालनलाई नियमित र भरपर्दो बनाउन सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । रुपन्देही निर्वाचन क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य कन्हैया बनियाँले अबको केही दिनमा नेपाल एयरलाइन्सले भैरहवालाई बेस बनाएर उडान गर्ने बताए ।

हाल वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको आवागमन सहज बनाउन विभिन्न चार्टर उडान सञ्चालन भइरहेका छन् । कुवेत एयरवेजले कुवेत सिटी–भैरहवा उडानमार्फत नेपालीलाई स्वदेश ल्याइरहेको छ भने साउदी अरबको दमामबाट पनि उडान अनुमति प्रक्रियामा रहेको जानकारी विमानस्थलका महाप्रबन्धक साहले दिए । उनका अनुसार चार्टरसँगै नियमित उडानलाई पनि समान रुपमा प्राथमिकता दिइनेछ । 'चार्टर र नियमित दुवै उडानलाई निरन्तरता दिन हामी प्रतिबद्ध छौँ, शीघ्र नियमित उडान थप सुदृढ हुनेछ', उनले भने ।

उक्त पहलले लुम्बिनी केन्द्रित धार्मिक पर्यटन प्रवद्र्धनका साथै वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकका लागि सहजता ल्याउने विश्वास गरिएको छ । विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सके क्षेत्रीय आर्थिक गतिविधि वृद्धि हुनुका साथै समग्र पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्ने सरोकार भएकाहरूको अपेक्षा छ । रासस

# बिचौलियालाई यातायात व्यवस्था कार्यालयमा प्रवेश निषेध

**कञ्चनपुर ।**
यातायात व्यवस्था कार्यालय महेन्द्रनगरले कार्यालय परिसरभित्र बिचौलियाको प्रवेश पूर्ण रुपमा निषेध गरेको छ । सेवाग्राहीलाई अनावश्यक दुःख, हैरानी तथा आर्थिक ठगी हुन थालेको गुनासो बढेपछि कार्यालयले औपचारिक सूचना जारी गर्दै यस्तो निर्णय गरेको हो ।



कार्यालयका निमित्त प्रमुख रवीन्द्र चौधरीका अनुसार केही व्यक्तिहरूले सवारीसाधनको बीमा बनाइदिने, नवीकरण गरिदिने, निरोगिता प्रमाणपत्र बनाइदिनेलगायत काम गरिदिने भन्दै सेवाग्राहीलाई प्रलोभनमा पार्ने, अतिरिक्त रकम लिने तथा हैरानी दिने गरेको जनगुनासो कार्यालयमा पटकपटक आएपछि बिचौलियालाई कार्यालय प्रवेशमा रोक लगाइएको छ ।

यस्ता गतिविधिले कार्यालयबाट प्रवाह हुने सेवामा अव्यवस्था र ढिलासुस्तीसमेत हुने गरेको उनको भनाइ छ । यदि कसैले यस्तो कार्य गरेको पाइएमा वा निषेध गरिएको क्षेत्रमा प्रवेश गरी सेवाग्राहीलाई दुःख दिएमा कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइने उनले उल्लेख गरे । यातायात व्यवस्था कार्यालयले सेवाग्राहीलाई आफ्नो कामका लागि सिधै कार्यालयको सम्बन्धित शाखा वा कर्मचारीसँग सम्पर्क गर्न आग्रह गरेको छ । कार्यालयले कुनै पनि सेवा लिन बिचौलियाको आवश्यकता नपर्ने र तोकिएको शुल्कबाहेक अतिरिक्त रकम नतिर्न सेवाग्राहीलाई अनुरोध गरेको छ ।

सेवाग्राहीलाई सहज, छिटो र पारदर्शी सेवा उपलब्ध गराउने उद्देश्यले यस्तो कदम चालिएको निमित्त कार्यालय प्रमुख चौधरीले बताए । उनले बिचौलिया नियन्त्रण भएपछि सेवाग्राहीले अनावश्यक झन्झट र अतिरिक्त खर्चबाट मुक्ति पाउने तथा सेवा प्रवाह थप व्यवस्थित हुने अपेक्षा गरिएको बताए । रासस

# ऊर्जा मन्त्रालयमा सुशासन एकाइ गठन



**काठमाडौँ ।**
नयाँ वर्ष २०८३ तथा विस्काः जात्राको अवसर पारेर भक्तपुरमा दशौं भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव' आयोजना गरिने भएको छ । औद्योगिक शान्ति नेपाल संस्था र मध्यपुर ब्वाईज व्याण्डको आयोजनामा महोत्सव भक्तपुरस्थित सल्लाघारीमा यही चैत २६ गतेदेखि आगामी वैशाख ६ गतेसम्म सञ्चालन हुने बुधबार आयोजित पत्रकार सम्मलेनमा जानकारी दिइयो ।

भक्तपुरलाई उद्योग, संस्कृति र कृषि क्षेत्रको सङ्गमका रूपमा स्थापित गर्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको संयोजक दिपक थापाले जानकारी दिए ।

महोत्सवमार्फत उपभोक्तालाई एउटै स्थानमा दैनिक उपभोग्य वस्तुदेखि आवश्यक सामग्रीसम्म सहज रूपमा उपलब्ध गराउनुका साथै स्थानीय उत्पादन, उद्योग तथा व्यवसायको प्रवद्र्धन गरिनेछ ।

महोत्सवमा १८० भन्दा बढी प्रदर्शनीकक्ष रहनेछन् । ती प्रदर्शनीकक्षमा खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि तथा हस्तकला सामग्री बिक्री तथा प्रदर्शनीका लागि राखिनेछ । साथै औद्योगिक उत्पादन, सूचना प्रविधि, अटोमोबाइल, कृषि औजार, इलेक्ट्रोनिक्स तथा मोबाइल सामग्रीहरूको पनि प्रदर्शनी गरिनेछ । महोत्सवको विशेष आकर्षणका रूपमा 'लन्डन बिज'को प्रतिकृक्ति (स्ट्याचु)राखिनेछ । महोत्सवमा बालबालिकाका लागि रोटे पिङ, ड्रागन ट्रेन, नाउलगायतका मनोरञ्जनात्मक खेल साधन व्यवस्था गरिनेछ ।

त्यसैगरी विभिन्न परिकारसहितको खाना महोत्सव, फेसन शो, नृत्य तथा हास्यव्यङ्ग्य कार्यक्रम तथा राष्ट्रिय कलाकारको विशेष सागीतिक प्रस्तुति (विशेष कन्सर्ट) दैनिक रूपमा आयोजना गरिनेछ । महोत्सवले उद्योग, व्यापार, पर्यटन तथा सांस्कृतिक क्षेत्रको प्रवद्र्धन गर्नका साथै स्थानीय उत्पादनलाई बजार उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्ने आयोजक संस्थाका अध्यक्ष सन्दिप महतले जानकारी दिए ।

महोत्सवअन्तर्गत आगामी वैशाख ५ र ६ गते ख्यातिप्राप्त कलाकार सहभागी सांस्कृतिक कार्यक्रम (कन्सर्ट) आयोजना हुनेछ ।

महोत्सवमा रु पाँच करोड बढीको आर्थिक कारोबार हुने र दुईलाख बाढीले अवलोकन गर्ने आयोजकको अनुमान छ । रासस

# बर्डफ्लू सङ्क्रमण फैलिन थालेपछि १९ हजार कुखुरा नष्ट

**इनरुवा ।**
जिल्लाका विभिन्न स्थानीय तहमा किसानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको छ । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवाका प्रमुख डा मनोजकुमार महतोका अनुसार सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न स्थानका कुखुरा फार्ममा बर्डफ्लू सङ्क्रमण फैलिँदै गएको हो ।

इनरुवा नगरपालिका–२ कुसुमगाछीमा सुमनकुमार राईले पालन गरेका ब्रोइलर कुखुरामा सङ्क्रमण देखिएको उनले जानकारी दिए । इटहरी–१६ स्थित सुमन गोविन्द श्रेष्ठले पालेका स्थानीय जातका कुखुरा र हाँसमा पनि बर्डफ्लू सङ्क्रमण पुष्टि भएको डा महतोले बताए । जिल्लाका विभिन्न ठाउँमा कुखुरा फार्म परीक्षण गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट रोग पुष्टि गरेसँगै नियन्त्रणका उपाय तीव्र पारिएको उनले बताए ।

सङ्क्रमण फैलिन नदिन फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ भने अन्य कुखुरा फार्ममा पनि निगरानी कडा गरिएको डा महतोले जानकारी दिए । कुखुरामा असामान्य लक्षण देखिएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउन तथा बाह्य सम्पर्कबाट कुखुरालाई जोगाउन किसानलाई आग्रह गरिएको उनले बताए । उनका अनुसार जिल्लामा हालसम्म सङ्कास्पद लागेका १४ वटा फार्मबाट १९ हजार ३६५ कुखुरा नष्ट गरिएको छ । रासस







## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

### दा.खा.हकदावी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.वैरिया वडा नं.७ हाल राजपुर न.पा. ९ मा बस्ने रामदयाल तिवारीको नाति जोगेन्द्र तिवारीको छोराहरु धिरेन्द्र तिवारी,विरेन्द्र तिवारी,गगनदेव तिवारी र जितेन्द्र तिवारी समेतले रौतहट जिल्ला अदालतको अश हक कायम मुद्दामा ०८२-cp-१४३१ मिति २०८२।१०।२५ गतेको मिलापत्र रौ.जि.अ.गौरको च.न.७४३५मिति २०८२।१०।२६ गतेको मिलापत्रको जनाउ समेतले तपसिलमा उल्लेखित जग्गाको दा.खा.माग गरेकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको भनि मोठ फाटवाट लेखिआएको साथै तिनपुस्ते विवरण समेत नरहेको हुदा मिलापत्रमा मुल पुरुष दर्तावाला जोगेन्द्र तिवारी मिति २०४९।०७।२१ गतेमा मृत्यु भइ निजको नजिकको हकखाने हकदार पत्नी रामज्योति देवी मिति २०३० सालमा प्रलोक भइ निज दुवै जनाको दाम्पत्यवाट ५ छोराहरु मध्ये जेठा गगनदेव तिवारी,माहिला जितेन्द्र तिवारी, साहिला वीरेन्द्र तिवारी,काइला पारशनाथ तिवारीत कान्छा धिरेन्द्र तिवारी रहेकोमा साथै निजको काइलो छोरा पारसनाथ तिवारी अविवाहित रही मिति २०७२।०२।०९ गतेमा प्रलोक भइ हाल रौ.जि.अ.मिलापत्रमा उल्लेख रहेको गगनदेव तिवारी माहिला जितेन्द्र तिवारी साहिला वीरेन्द्र तिवारी र कान्छा धिरेन्द्र तिवारी समेत ४ जनाले दा.खा. माग गरेकोमा हकदार हकभोग तिनपुष्ते सम्वन्धी हकदावी वारे ३५ दिने प्रकाशित भइ म्याद सकेपछि पेश गर्ने भनि मिति २०८२।१२।१८ गतेको आदेश बमोजिम सुचना जारी गरिएको छ । निजको तिन पुष्ते भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा दा.खा. हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम दा.खा. भै जाने छ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | वैरिया | ९ | ५३४ | ०-८-१६ | जोगेन्द्र तिवारी वैरिया ७ |

# प्रादेशिक अस्पताल सुधार माग गर्दै युवाको ध्यानाकर्षण



**मधेशदृष्टि**
**महोत्तरी।**
प्रादेशिक अस्पताल जलेश्वरको सुधारको माग गर्दै स्थानीय युवाहरूले मधेश प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाएका छन्।

अस्पतालमा सुरु भएको डायलासिस सेवाको उद्घाटनका लागि पुगेका स्वास्थ्य मन्त्री जंगीलाल रायलाई युवाहरूको एक समूहले उक्त ध्यानाकर्षण पत्र हस्तान्तरण गरेको हो।

ध्यानाकर्षण पत्रमार्फत अस्पतालमा खरिद गरिएका उपकरणहरू दक्ष जनशक्ति अभावका कारण प्रयोगविहीन अवस्थामा रहेको, साथै आवश्यक जनशक्ति व्यवस्थापन भएमा थुप्रै सेवा सञ्चालन गर्न सकिने सम्भावना हुँदाहुँदै उपकरणहरू थन्किएको अवस्थाबारे ध्यानाकर्षण गराइएको छ । साथै, विभिन्न शीर्षकमा भएको भनिएको भ्रष्टाचारको छानबिन गर्न पनि माग गरिएको छ।

स्थानीयका अनुसार, वीर अस्पताल सञ्चालनमा आएकै आसपासको समयमा स्थापना भएको जलेश्वर अस्पताल कुनै बेला अञ्चल अस्पतालका रूपमा परिचित थियो । तर समयसँगै यसको स्तरवृद्धि हुनुको साटो स्तर खस्किँदै गएको भन्दै सरकारको चासो घटेको महसुस भएको उनीहरूको भनाइ छ।

स्थानीय युवा आकाश साहले अस्पताललाई यथाशीघ्र स्तरोन्नति (अपग्रेड) गर्न प्रदेश सरकार गम्भीर हुनुपर्ने बताए । 'हामीले ध्यानाकर्षण पत्र बुझाएका छौं, तर अझै पनि सुधारतर्फ पहल नभए आन्दोलन गर्न बाध्य हुनेछौँ,' उनले चेतावनी दिए।

उनले थपे, 'अस्पताललाई नमुना बनाउने समय आएको छ । १५ शैय्याको अस्पतालले जनताको आवश्यकता पूरा गर्न सकेको छैन। यसलाई कम्तीमा १०० शैय्यामा स्तरोन्नति गर्नुपर्छ। साथै, विभिन्न स्वार्थमा भएका नियुक्तिहरूको छानबिन हुनुपर्छ र अस्पताल व्यवस्थापन समितिमा विवादित व्यक्तिहरू आउनु हुँदैन।'

# पेठिया बजारको सडक अतिक्रमणमुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
बजार क्षेत्रलाई व्यवस्थित बनाउने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिका र मधेश प्रदेश सरकारको संयुक्त पहलमा बुधबार पेठिया क्षेत्रमा फुटपाथ अतिक्रमण हटाउने अभियान सञ्चालन गरिएको छ।

पेठिया बजार केन्द्रित अभियानमा स्थानीय प्रशासन, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा नगर प्रहरीको संयुक्त टोली परिचालन गरिएको थियो।

अभियानका क्रममा सडक किनार तथा पैदलमार्गमा राखिएका ठेला, टहरा तथा अस्थायी संरचनाहरू हटाइएका छन्। सार्वजनिक स्थल अतिक्रमण गरी सञ्चालन गरिएका अनधिकृत पसलहरू हटाउँदै पैदल यात्रुका लागि फुटपाथ खाली गराइएको जनाइएको छ।

स्थानीय प्रशासनका अनुसार बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित र आवतजावत सहज बनाउन यस्तो कदम चालिएको हो।

उपमहानगरपालिकाका प्रतिनिधिहरूले सार्वजनिक स्थानको संरक्षण र शहरी व्यवस्थापनलाई प्राथमिकतामा राख्दै अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिइने बताएका छन्। उनीहरूले फुटपाथ पैदल यात्रुका लागि सुरक्षित बनाउन र ट्राफिक व्यवस्थापन सुधार गर्न अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरेका छन्।

यस्तै, अतिक्रमण हटाइसकेपछि यो क्षेत्रमा सौन्दर्यकरण, हरियाली प्रवद्र्धन तथा पैदलमैत्री संरचना विकास गर्ने योजना रहेको जनाइएको छ । व्यवसायीहरूलाई वैकल्पिक व्यवस्थापनकालागि सहजीकरण गरिने तयारी समेत भइरहेको छ।

अभियानका क्रममा केही व्यवसायीले असन्तुष्टि जनाए पनि अधिकांश स्थानीयले फुटपाथ खाली गराउने कार्यलाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूले लामो समयदेखि पैदल यात्रुहरूलाई हिँडडुलमा समस्या भइरहेको अवस्थामा यस्तो अभियान आवश्यक रहेको बताएका छन्।

पछिल्लो समय बढ्दो शहरीकरणसँगै देखिएको अतिक्रमण समस्या समाधानका लागि यस्ता अभियानहरूलाई निरन्तरता दिइने प्रशासनको भनाइ छ।

# जनकपुरधाम–४ मा नयाँ सडकको शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–४ मा नयाँ सडक निर्माण कार्य सुरु गरिएको छ । सडकको शिलान्यास नगरप्रमुख मनोजकुमार साहले बुधबार गरेका हुन् । नगरको आन्तरिक बजेटबाट निर्माण हुन लागेको सडक विद्यापति चोकदेखि गिरिजा पथसम्म जोडिनेछ । लामो समयदेखि सडक अभावका कारण स्थानीयवासीले आवतजावतमा कठिनाइ भोग्दै आएका थिए ।

शिलान्यास कार्यक्रममा बोल्दै नगरप्रमुख साहले सडक निर्माणपछि स्थानीयको दैनिक जीवन सहज हुने विश्वास व्यक्त गरे । उनले नगरको समग्र विकासलाई प्राथमिकतामा राख्दै आवश्यक पूर्वाधार निर्माणलाई तीव्रता दिइने बताए । सडक २५ लाख रुपैयाँको लागतमा निर्माण गरिने जनाइएको छ । निर्माण सम्पन्न भएपछि यस क्षेत्रको यातायात व्यवस्थामा उल्लेखनीय सुधार आउने विश्वास गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

# खुकुरी प्रहार घटना दुई युवक गम्भीर घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–१९ स्थित मुजेलियामा भएको खुकुरी प्रहार घटनामा दुई युवक गम्भीर घाइते भएका छन् । घटनाले मधेश प्रदेशको राजधानी जनकपुरधामको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

प्राप्त जानकारी अनुसार कुम्हरौडा निवासी करिब २७ वर्षीय अजय झा र उनका भिनाजु बघचौडा निवासी करिब ४० वर्षीय सोनु कुमार झा पेट्रोल भर्न मुजेलिया बाबा पेट्रोल पम्प पुगेका थिए । सोही क्रममा मोटरसाइकलमा आएका केही युवकहरूको समूहले उनीहरूमाथि अचानक आक्रमण गरेको बताइएको छ ।

स्थानीयका अनुसार आक्रमणकारीहरू नशाको अवस्थामा रहेको र उनीहरूले अन्धाधुन्ध रूपमा खुकुरी प्रहार गरेका थिए । आक्रमणबाट दुवै जना गम्भीर घाइते भएका छन् ।

घाइतेहरूलाई प्रारम्भिक उपचारपछि जनकपुरधामस्थित काव्या अस्पतालमा रिफर गरिएको छ, जहाँ उनीहरूको उपचार भइरहेको छ ।

प्रहरीका अनुसार आक्रमणमा संलग्नमध्ये एकजनाको प्रदेश २–०५७४–४१४० नम्बरको केटीएम मोटरसाइकल नियन्त्रणमा लिइएको छ । यद्यपि, घटनामा संलग्न अन्य व्यक्तिहरू फरार रहेका छन् र उनीहरूको खोजी कार्य तीव्र बनाइएको प्रहरीले जनाएको छ ।

पीडित पक्षले दोषीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न प्रशासनसँग माग गरेका छन् । 'जनकपुरधामजस्तो शहरमा यसरी हतियार बोकेर हिँड्ने र सर्वसाधारणमाथि आक्रमण हुने घटना अत्यन्त दुःखद र निन्दनीय हो,' पीडित परिवारले जनाएको छ ।

# राष्ट्रिय सुरक्षाको विषय पुनःपरिभाषित गर्न जरुरी



**काठमाडौँ ।**
प्रधानसेनापति अशोकराज सिग्देलले नेपालको भूराजनीति हाम्रा लागि अवसर र चुनौती भएकाले बदलिँदो विश्व परिवेशमा राष्ट्रिय सुरक्षाको विषयलाई पुनःपरिभाषित गर्नुपर्नेमा जोड दिएका छन् ।

रक्षा मन्त्रालयको समन्वय र नेपाली सेनाको व्यवस्थापनमा शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालन गरिएको सिसं ११ उच्चस्तरीय राष्ट्रिय सुरक्षातालिमको समापनका अवसरमा प्रधानसेनापति सिग्देलले यस्तो धारणा राखेका हुन् ।

राष्ट्रिय सुरक्षा कुनै एक निकायको मात्र जिम्मेवारीको विषय नभएर सबैको साझा चासोको विषय भएको बताउँदै उनले भूराजनीतिलाई प्रविधिसँगै पनि जोडेर हेर्नुपर्ने खाँचो औँल्याए । सिग्देलले दुई सातासम्म सञ्चालन भएको तालिमका सहभागीलाई प्रमाणपत्र वितरण गरेका थिए थियो भने रक्षा सचिव केदारनाथ शर्माले मायाको चिनो प्रदान गरेका थिए ।

कलेजका निमित्त शिक्षाध्यक्ष सहायक रथी दिलविक्रम सुब्बाले तालिमको महत्त्व र उपादयिताका बारेमा प्रकाश पारेका थिए । तालिममा नेपाल सरकारका प्रथम तथा दितीय श्रेणीका अधिकृत, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका उच्च अधिकृत, सञ्चारकर्मीलगायत गरी ३० जनाको सहभागिता रहेको थियो । तालिमकै दौरानमा 'आधुनिक राज्य व्यवस्था र मौलिकता' विषयक एक दिवसीय सेमिनारको आयोजना गरिनुको साथै सम्पन्न सहभागीलाई पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको अवलोकन भ्रमण गराइएको थियो ।

सेनाको स्वास्थ्य शिविरबाट पाँच सय लाभान्वित

नेपाली सेनाको नयाँ रणभिम गुल्मअन्तर्गत रहेको दुर्लुङ्गथुम ब्यारेक, पर्वतको आयोजनामा बुधबार जलजला गाउँपालिका–४, फड्केढुङ्गामा बृहत स्वास्थ्य शिविर भएको छ । शिविरमा ५ सय ३१ जना सर्वसाधारणले सेवा प्राप्त गरेका आयोजकले जनाएको छ । निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श र औषधि वितरणसम्बन्धी सेवा उपलब्ध गराइएको रणभिम गुल्मका गुल्मपति चीरञ्जीवी सुवेदीले जानकारी दिए । आठ जना चिकित्सकको टोलीले स्त्री तथा प्रसूति, हड्डी तथा जोर्नी, दन्त, छाला, नेत्र, उच्च रक्तचाप, मधुमेह, कान, नाक, घाँटी तथा आँखा र जनरलसम्बन्धी सेवा दिएको थियो ।

क्लिनिक नेपाल भरतपुर, प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत, प्रादेशिक अस्पताल कुश्मा र जलजला गाउँपालिकाले शिविरमा वितरण गरिएको औषधिको व्यवस्था मिलाएको थियो । नागरिक–सैनिक सम्बध सुदृढीकरण गर्ने उद्देश्यले नियमित कार्यक्रमअनुसार स्वास्थ्य शिविर आयोजना गरिएको गुल्मपति सुवेदीले बताए । रासस

# मालपोत कार्यालयको पर्खालमा मिथिला चित्रकला



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भूमि सुधार तथा मालपोत कार्यालय जलेश्वर कार्यालय परिसरलाई आकर्षक र सांस्कृतिक रूपमा समृद्ध बनाउने उद्देश्यले जलेश्वरस्थित मालपोत कार्यालयको बाहिरी पर्खाल मिथिला चित्रकलाले सजाइएको छ।

१२ वटा स्लटमा तयार पारिएको उक्त चित्रकलामा माता सीताको जन्मदेखि स्वयंवरसम्मका दृश्यहरू कलात्मक ढंगले प्रस्तुत गरिएको छ। भित्ताभरि बनाइएका यी चित्रहरूले सो बाटो हुँदै हिँड्ने यात्रु तथा कार्यालयमा आउने सेवाग्राहीको ध्यान आकर्षित गर्न थालेका छन्।

कार्यालय पुग्ने जो–कोही केही समय चित्रकला अवलोकन गर्दै त्यसमा समेटिएका कथाहरू बुझ्न समय खर्चने गरेका छन्।

कार्यालय प्रमुख दिपेन्द्र झाका अनुसार, मिथिला क्षेत्रको पहिचान झल्काउने उद्देश्यले यस्तो सजावट गरिएको हो । 'हामी मिथिला क्षेत्रमा छौं, यहाँका मानिसले माता सीताको जन्मदेखि स्वयंवरसम्मको कथा बुझ्नैपर्छ भन्ने सोचले चित्र बनाएका हौँ,' उनले भने।

उनका अनुसार मिथिला चित्रकलाले सेवाग्राहीलाई आकर्षित गर्नुका साथै मानसिक थकान कम गर्न समेत सहयोग गरेको अनुभव गरिएको छ। उनले कार्यालयभित्र समेत यस्तै चित्रकला बनाउने योजना रहेको जानकारी दिए।

उक्त चित्रकला दामी आर्टकी सञ्चालिका काजल झा र उनको टोलीले करिब दुई लाख रुपैयाँको लागतमा तयार पारेका हुन्।

# विपन्न खस आर्यलाई प्राथमिकता नदिएकोमा कारण देखाऊ आदेश

**काठमाडौँ ।**
समानुपातिक निर्वाचन प्रणालीमा विपन्न खस आर्यलाई प्राथमिकता दिन माग गर्दै दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतले अग्राधिकारसहित कारण देखाउ आदेश जारी गरेको छ ।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले बुधबार समानुपातिक निर्वाचन प्रणालीमा विपन्न खस आर्यलाई प्राथमिकता नदिनुको कारणसहित लिखित जवाफ माग गरेको हो ।

सामाजिक न्यायका अभियन्ता खजान्ती महतो नुनियाँले दर्ता गरेको रिट निवेदनमा समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली कांग्रेसका अर्जुननरसिंह केसी र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट निर्वाचित पद्मा अर्यालसमेतलाई विपक्षी बनाइएको छ ।

रिटमा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको व्यावहारिक कार्यान्वयन गरी सामाजिक न्यायको प्रत्याभूति दिलाउने मुख्य उद्देश्य संविधानको भएकाले आर्थिक रुपले विपन्न खस आर्यलाई प्राथमिकता दिन माग गरिएको छ । रासस

# आजबाट एसइइ परीक्षा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) आज बिहीबारदेखि शुरु हुँदैछ । परीक्षाका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । कार्यालयका अनुसार यस वर्ष ५ लाख १२ हजार ४ सय २१ विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् ।

ती परीक्षार्थीमध्ये २ लाख ५७ हजार ६ सय १३ छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य छन् । जापानको एभरेस्ट स्कुलसहित एक हजार ९ सय ६६ परीक्षा केन्द्रमा एसइइ हुनेछ ।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइइ)का लागि मधेशसहित पर्सा जिल्लामा पनि सम्पूर्ण तयारी पूरा भएको छ । पर्साबाट यस वर्ष १० हजार ७ सय ३ विद्यार्थी सहभागी हुँदैछन् ।

पर्साका १ सय ५३ विद्यालय (७० वटा सामुदायिक र ८३ वटा संस्थागत ) बाट विद्यार्थी परीक्षामा सहभागी हुन लागेका हुन् । शिक्षा विकास तथा समन्वय इकाइ पर्साका प्रमुख मोतीप्रसाद भट्टराईका अनुसार पर्सामा ग्रामीण क्षेत्रमा १४ र सहरी क्षेत्रमा १३ परीक्षा केन्द्र तोकिएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन